पत्रकार महिलामाथि हिंसाका उजुरी... पृष्ठ ३ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक ४३ • २०८१ साल असार १७ गते सोमबार (1 July, Monday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## बजेट पुनर्लेखनमा फसे सरकार

# समानुपातिक रुपमा बजेट वितरण गर्न दबाब

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकार आफैले ल्याएको बजेटमा अनधिकृत रुपमा योजनाहरु प्रविष्ट भएको सस्तो बयान दिएर फसेको छ ।

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेससहित जनता समाजवादी पार्टी(जसपा)नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपाल र राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा)ले संयुक्त रुपमा आइतबार मुख्यमन्त्रीलाई बुझाएको ज्ञापनमा बजेट पुनर्लेखन गर्दा सबै क्षेत्रमा सन्तुलित बजेट कायम हुनुपर्ने माग गरेका छन् ।



प्रदेश सरकारको अर्थमन्त्री भरतप्रसाद साहले असार १ गते राति प्रदेश सभामा वाचन गरेको बजेट वक्तव्यलाई पुनर्लेखन गरी थप योजनाहरु समावेश गर्न सरकारले गत हप्ता सर्वदलीय बैठक गरेको थियो ।

सो बैठकमा मुख्यमन्त्री सतीशकुमार सिंह र अर्थमन्त्री साहले बजेट निर्माणको क्रममा योजनाहरु अनधिकृत रुपमा प्रविष्ट गरिएकोले असन्तुलित भएको स्वीकारेका थिए ।

विपक्षी दलहरुले मुख्यमन्त्री सिंहलाई बुझाएको ज्ञापनमा भनिएको छ '२०८१ साल असार १३ गते मुख्यमन्त्री ज्यूको कार्यकक्षमा बसेको सर्वदलीय बैठकमा माननीय मुख्यमन्त्री र माननीय अर्थ मन्त्री ज्यूबाट प्राप्त भएको जानकारी अनुसार पिएलएमबिआइएस (PLMBIS) हैकरहरुबाट हैक गरी कार्यक्रम तथा बजेट रकम प्रविष्ट गरिएको एवं बजेट त्रुटिपूर्ण भएको स्वयम् मुख्यमन्त्री र मन्त्री ज्यूहरुबाट स्वीकार गरिएको हो ।'

विपक्षी दलहरुले बजेटको विषयमा सरकारले सार्वजनिक गरेको धारणा अनुसार सत्यतथ्य पता लगाउन संसदीय छानबिन समिति गठन हुनुपर्ने माग गरेका छन् ।

उनीहरुले बजेट पुनर्लेखन गरी प्रदेश सभामा छलफल हुनुपर्ने माग ज्ञापनपत्रमा गरेका छन् । सरकारले नै बजेटलाई पुनर्लेखन गर्ने विषय उठाएपछि विपक्षीहरुले घेराबन्दी गरेका छन् ।

उच्चस्रोतहरुका अनुसार बजेटमा मुख्यमन्त्री सिंहले मन्त्रालयहरुमा पठाएका अधिकांश योजनाहरु नै छुटेका छन् । 'मुख्यमन्त्रीबाट पठाइएको योजनाहरुमा मुख्यमन्त्रीको योजना भनेर उल्लेख रहेको थियो' स्रोतले भने, तर मन्त्रीहरुले आफ्ना योजनालाई प्राथमिकतामा राखेपछि मुख्यमन्त्रीका योजनाहरु छुटेको छ ।

विपक्षी दलहरुले पुनर्लेखन गरिने बजेटमा सत्तारुढ दलहरुले पाउने भाग बराबरको योजना पाउनु पर्ने माग राखेका छन् । सत्तापक्षकै कतिपय सांसदले अपेक्षाकृत बजेट नपाएकाले विरोधी स्वर बाक्लिएको छ ।

यथास्थितिमा बजेट पास हुने सम्भावना नदेखेपछि मुख्यमन्त्री सिंहले बजेटमा विपक्षीहरुको अझै योजना थप गर्न सहमत भएका छन् । उनले आफ्नो योजना थप गरे र विपक्षीहरुको योजना समानुपातिक रुपमा थप नगरे बजेट पासमा अवरोध गर्ने चेतावनी प्रतिपक्षी दलका नेताहरुले दिएका छन् ।

मुख्यमन्त्रीलाई ज्ञापन दिनेहरुमा कांग्रेस संसदीय दलका नेता कृष्णा यादव, जसपा नेपाल संसदीय दलका नेता सरोज कुमार यादव, लोसपाकी प्रमुख सचेतक रानी शर्मा तिवारी र राप्रपा संसदीय दलका नेता कञ्चन बिच्छा रहेकी छन् ।

सरकारले २१ गते विश्वासको मत लिने र २२ गते बजेट पास गर्ने तयारी गरेको छ । तर विपक्षीहरुले बजेटमाथि प्रदेश सभामा छलफल गराउनु पर्ने दबाब बनाएका छन् ।

मधेश प्रदेश सरकार
उर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम

जनहितमा जारी सूचना

१. मधेश प्रदेशको स्वास्थ्य, सरसफाई, शिक्षा र पानीको उपयोग अवस्थामा सुधार गर्न विशेष क्षेत्र लक्षित गरी लगानी खाँका (Financial Framework) तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।
२. जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्न हरित ग्यासँको खपतलाई कम गर्नको निम्ति मधेश प्रदेशभित्र वातावरणमैत्री विद्युतिय सावरी साधनको प्रयोगलाई बढाउने उद्देश्य राखी प्रदेशभित्रको पूर्व पश्चिम राजमार्ग र हुलाकी राजमार्गमा क्रमिक रुपमा चार्जिगंस्टेशन स्थापना गरिने छ।
३. जलवायु परिवर्तन प्रभावका कारण यस प्रदेशको भूमिगत जलस्रोतमा भईरहेको ह्रासलाई न्यूनिकरण गर्न "Ground Water Recharge to Discharge" अवधारणालाई नाराको रुपमा मूर्तरुप दिई भूमिगत जलश्रोतको संरक्षण तथा पुनर्भरण कार्यलाई उच्च प्राथमिकतामा राखिने छ । वर्षातको पानी संकलन तथा संरक्षण पोखरी निर्माण कार्यलाई विशेष ध्यान दिईने छ । भूमिगत जलस्रोतको अतिदोहनलाई निरुत्साहित गरिने छ। भूमिगत जलश्रोतको वैज्ञानिक उपयोगलाई प्रवर्द्धन गर्न भूमिगत जलश्रोतको अध्ययन तथा अनुसन्धान कार्य (Ground Water Mapping and Recharge Zoning) लाई प्राथमिकतामा राखिने छ ।
४. कृषिलाई प्रवर्द्धन गर्न "सिंचाइ मे लगानी किसान के खुशहाली" नारालाई सार्थक बनाउन सतह सिंचाइ (मझौला सिंचाई प्रणाली) तथा भुमिगत सिंचाइ प्रणालीलाई अझ सघनताका साथ अगाडी बढाइनेछ ।
५. भू-जलस्तरमा भईरहेको ह्रासलाई भुमिगत पुर्नभरण (Ground Water Recharge) गर्न अध्ययन अनसुन्धान गरी सोको प्रतिवेदनको आधारमा व्यवस्थापन कार्यलाई प्राथिमकता साथ कार्यान्वयन गरिनेछ ।
६. नदीनालाहरूबाट ढुङ्गा, गिट्टी, वालुवाको अव्यविस्थत र अत्यधिक दोहनलाई नीतिगत तवरबाट व्यविस्थत गरिनेछ र चुरे क्षेत्रमा जलाशय निर्माण तथा मर्मत संभार गरी माटो कटान कार्यलाई नियन्त्रण, पुनर्भरण र भुमिगत जलस्तर (Ground Water Level) लाई उठाउने कार्य गरिनेछ ।
७. जलवायु परिवर्तन अनुकूलन सम्बन्धी कार्यक्रमहरू कार्यान्वयन गरिनेछ ।
८. घरघरमा स्वच्छ खानेपानी पुर्याउने अभियानलाई निरन्तरता दिइनेछ र "राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६२" कार्यान्वयन गरी जिल्ला स्थित डिभिजन, सब-डिभिजन खानेपानी कार्यालयहरूमा खानेपानी गुणस्तर परीक्षण प्रयोगशालाको स्थापना र सुदृढीकरण गरिनेछ ।
९. स्वच्छ खानेपानीको सुविधा पुर्याउन "निर्मल जल घर घर नलजल" खानेपानी योजनालाई स्थानीय सरकार र सरोकारवालाहरूको समन्वय र सहकार्यमा प्राथिमकता साथ संचालन गरिनेछ ।
१०. वातावरणीय सरसफाई एवम् स्वच्छता प्रवर्द्धन गर्न दिगो वातावरणीय सरसफाई कार्यक्रम अन्तर्गत जनचतेना अभिवृध्दि र सार्वजिनक शौचालय निर्माण र मर्मत संभार गरिनेछ ।
११. प्रदेश सरकारले आत्मसात गरेको "हाम्रो प्रदेश, उज्यालो प्रदेश" को नारालाई सार्थकता प्रदान गर्न बैकल्पिक उर्जालाई सार्वजिनक निजी साझेदारी नीति अन्तर्गत प्रवर्द्धन गरिनेछ ।

डेंगी
सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं
विद्यालय

डेंगी रोग डेंगी भाईरसवाट संक्रमित एडिज जातका लामखुट्टेको टोकाईबाट सर्दछ । एडिज जातका लामखुट्टे पानी जम्मा भएको जुनसुकै भाँडोमा पनि हुर्कन सक्दछ ।

पानी राख्ने भाँडाहरु जस्तै ट्यांकी, ड्रम, बाटा, बाल्टिन आदिलाई लामखुट्टे नछिर्ने गरी राम्ररी छोपेर राखौं । साथै पानी जम्न सक्ने ठाउँमा पानी जम्न नदिन नियमित सफा गरौं ।

कोठा भित्र लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाइबाट बच्ने मलम लगाऔं ।

पूरै शरिर ढाक्ने लुगा लगाऔं ।

काम नलाग्ने र पानी भरिन सक्ने सामानहरु जस्तै बोतल, टायर, प्लास्टिकका बस्तुहरु पानी जम्न नमिल्ने गरि विसर्जन गर्ने ।

घर/विधालयको अध्यौंरा कुना-काप्चा, जस्तैः पर्दा पछाडी, खाटमुनि, शौचालय भित्र, डेस्क/बेन्च मुनि आदि जस्ता ठाउँहरूमा किटनाशक औषधि छर्कने गरौं ।

कम्तिमा हप्ताको एक पटक ऐर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएको प्लेटहरू राम्ररी सफा गरौं ।

हामी सबै मिलेर मात्र डेंगी रोकथाम गर्न सक्छौं ।

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर र विद्यालय भित्र र वरपरका पानी जम्ने सबै ठाँउहरू र पानी राख्ने भाडाँहरू खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।

सखुवानन्कारकट्टी गाउँपालिका
सखुवानन्कारकट्टी, सिरहा, मधेश प्रदेश

डेंगी भाइरसको संक्रमणबाट बच्ने उपायहरू

डेंगी
सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं

डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।

थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।

डेंगीका मूख्य लक्षणहरू

उच्च ज्वरो आउनु
जोर्नी र मांशपेशीहरु बेस्सरी दुख्नु
आँखाको गेडी दुख्नु
बेस्सरी टाउको दुख्नु
शरीरमा राता बिमिराहरु आउनु
वाकवाकी लाग्नु वा वान्ता हुनु

डेंगीका लक्षणहरू देखिएमा के गर्ने ?

स्वास्थ्य संस्थामा गई चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिने ।

स्वास्थ्य संस्था

घरमै बसेर उपचार गर्ने सल्लाह दिएमा ज्वरो घटाउनका लागि र जीउ दुखेको कम गर्नको लागी प्यारासिटामोल बाहेक ब्रुफिन र एस्प्रिन जस्ता अन्य औषधीको सेवन नगर्ने ।

अस्पताल भर्ना हुन सल्लाह दिएमा तुरुन्त भर्ना हुने ।

( *चिकित्सकको सल्लाह नलिईकन कुनै पनि औषधी सेवन नगर्ने )

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरू र पानी राख्ने भाडाँहरू खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।

लक्ष्मीनियाँ गाउँपालिका
लक्ष्मीनियाँ बजार, धनुषा, मधेश प्रदेश

# बलिवुड अभिनेत्री जयाप्रदा नेपालमा

**टुडे समाचारदाता**

काठमाण्डु । 'ईण्डो नेपाल सांस्कृतिक समारोह तथा छैटौं इन्टरनेशनल एक्सिलेन्स अवार्ड' सम्पन्न भएको छ । नेपाल चेम्बर अफ कमर्श नेपाल महिला चेम्बरको प्रस्तुती,लिडिभाईन,भारतको आयोजना तथा प्याजेन्ट नेपालको एसोसियटमा बिहीवार काठमाडौंको र्‍याडिशन होटेलमा भव्य रुपमा उक्त समारोह सम्पन्न भएको हो ।




नेपाल चेम्बर अफ कमर्शकी उपाध्यक्ष, महिला चेम्बरकी अध्यक्ष एवं साल्ट ट्रेडिङ् कर्पोरेशनकी प्रमुख कार्यकारी अधिकृत उर्मिला श्रेष्ठको सभापतित्वमा सम्पन्न उक्त समारोहमा विशेष अतिथी प्रख्यात अभिनेत्री जय प्रदा लगायत नेपाल, भारत, युके लगायत देशबाट सहभागिता जनाएका अतिथीजनलाई स्वागत गर्दै समारोहलाई सफल बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने सवैलाई धन्यवाद दिएकी थिईन ।

प्रतिनिधि सभाका उप-सभामुख ईन्दिरा रानाको प्रमुख आतिथ्यता तथा लोकप्रिय भारतिय अभिनेत्री जय प्रदाको विशेष आतिथ्यता रहेको उक्त समारोहमा नेपाल तथा भारतका उच्च पदस्थ व्यक्तीहरु सेलिब्रेटी तथा प्रसिद्ध कलाकारहरुका साथै करिब सात सय भन्दा बढी दर्शकहरुको उपस्थिति रह्यो ।कला साहित्य र सँस्कृति लगायत विभिन्न क्षेत्रमा योगदान पुर्‍याउदै आएका र सामाजिक जीवनमा प्रसिद्धि कमाएका विभिन्न विधाका करिब ४ दर्जन बढि प्रतिष्ठित व्यक्तिहरूलाई उक्त अवार्ड प्रदान गरियो । जसमा नेपालबाट करिब तीन दर्जन बढी र भारतबाट करिब डेढ दर्जन बढि व्यक्तित्वहरुले अवार्ड प्राप्त गरे ।

नेपालका चर्चित कलाकारहरु गायक आनन्द कार्की, गायक यम बरालको प्रस्तुती रहेको समारोहमा भारतिय कत्थक डान्सरहरुको नृत्य र नेपाल भारतका र्‍याम्प मोडलहरुले दुवै देशको संस्कृति झल्कने पहिरनबाट र्‍याम्प शो समेत गरे ।कार्यक्रममा प्रमुख अतिथी उपसभामुख रानाले यस्ता कार्यक्रमहरुबाट नेपाल र भारतको मित्रताको डोरी कसिलो बन्दै जानुका साथै दुबै देशको संस्कृति प्रवर्द्धनमा समेत सहयोग पुग्ने बताइन् । यसरी दुई छिमेकी मुलुकको सँस्कृतीक सम्बर्द्धनको लागी महत्वपूर्ण भूमिका खेलेको भन्दै आयोजक कमिटीलाई धन्यवाद समेत दिइन् ।

यस्तै उक्त समारोहमा वलिउड अभिनेत्री जय प्रदालाई भब्य सम्मान समेत गरिएको थियो । नेपाल चेम्बर अफ कमर्शको अध्यक्ष कमलेश कुमार अग्रवाल तथा महिला चेम्बरकी उपाध्यक्ष श्रेष्ठले अभिनेत्री प्रदालाई सम्मान प्रदान गरेका थिए । सोही क्रममा अभिनेत्री प्रदाले नेपाल आफ्नो दोश्रो घर भएको र यसरी नेपालीको माया पाउदा आफु निकै हर्षित भएको भन्दै खुसी समेत व्यक्त गरिन् ।

यस्तै स्वयं अभिनेत्री प्रदाले पनि साल्ट ट्रेडिङ कर्पोरेशनका अध्यक्ष प्रदिपलाल श्रेष्ठ, चेम्बरकी अध्यक्ष उर्मिला श्रेष्ठ लगायतलाई आफ्नो तर्फबाट सम्मान गरिन् ।

कार्यक्रममा माइती नेपालकी संस्थापक अध्यक्ष अनुराधा कोईराला, चलचित्र विकास बोर्डका अध्यक्ष एवं अभिनेता भुवन केसी, अभिनेत्रीत्रय बसुन्धारा भुषाल, चैत्यदेवी तथा भुवन चन्द, कलाकार किरण केसी, राजाराम पौडेल, देविका बन्दना, राजु सिंह, नारायण प्रधानका साथै अभिनेता सरोज खनाल, संगीतकार शम्भुजित बासकोटा, प्रहरी अतिरिक्त महानिरिक्षक भिम प्रसाद ढकाल, नेपाली सेनाका सहायक रथि राजन अधिकारी, लोकप्रिय भारतिय गुगल आन्टि ७९, प्रिमिला हिंगोरोनी, युके प्रतिष्ठित व्यवसायी सोनिया भाटिया, भारतिय प्रख्यात व्यक्तित्व सविता राणा भारती, प्रतिष्ठित व्यबसायी एवं सामाजिक अभियान्ता डा.अनुप शर्मा भारतिय चर्चित डान्सर हिमांशु द्धिवेदी टिपिएफ फ्याकिटका आकाश गुप्ता, डा.अर्पणा शाह, चेम्बरका पदाधिकारीहरु, पर्यटनविद, संस्कृतिविद, लगायत विभिन्न क्षेत्रका विशिष्ट व्यक्तित्वहरुको उपस्थिती रहेको थियो ।

कार्यक्रममा अभिनेत्री जय प्रदा अभिनित चर्चित गीत 'डफली वाले' मा प्रस्तुति दिएकी थिइन् । उनको नृत्यमा उपस्थित दर्शकहरुले गडगडाहट ताली बजाएर सम्मान गरेका थिए ।संचारकर्मी दिनेश डिसीले संचालन गरेको उक्त कार्यक्रममा आयोजक लिडिभाईनकी प्रमुख पुनम कौशिक, व्यवस्थापक श्रुती सरल, निर्देशक अंकित शर्मा, नेपालका आयोजक प्याजेन्ट नेपालका प्रमुख राज लुईटेल लगायतले कार्यक्रम सफल भएको र आगामी दिनमा हुने कार्यक्रमका लागि थप उर्जा मिलेको बताए ।अभिनेत्री प्रदा यसै कार्यक्रममा सहभागिताका लागि २ दिने नेपाल भ्रमणमा आएकी थिईन भने उनी सहित भारतबाट करिब ४ दर्जन वढि व्यक्तित्वहरुको सहभागीता रहेको थियो ।

# कोशी प्रदेशले बनाएका कानूनहरूले निर्माणको चरणनै पुरा नगरेको खुलासा



**टुडे समाचारदाता**

विराटनगर । कोशी प्रदेशले बनाएका कानूनहरूले निर्माणको चरणनै पुरा नगरेको पाइएको छ । कोशी प्रदेशले बनाएका ऐनको अध्यन र समिक्षा प्रतिवेदन सार्वजनिक गर्ने क्रममा उक्त तथ्य सार्वजनिक भएको हो ।

२०८० साल मंसिरसम्म कोशी प्रदेशले बनाएका ६० वटा ऐन र २४ वटा नियमावलीको अध्ययन र समिक्षा गर्न प्रदेश सरकारले पूर्वाञ्चल विश्वविद्यालय कानून संकायलाई जिम्मा दिएको थियो । प्रदेशले बनाएका ६० वटा ऐन र २४ वटा नियमावली अध्ययन र समिक्षाले मात्र अध्ययन र समिक्षाले पूर्णता नपाउने भएकाले प्रदेशले बनाएका निर्देशिका, मापदण्ड, कार्यविधि र कानूनको आवश्यकताको समेत अध्ययन एवम् समिक्षा गरिएको अध्ययन तथा समिक्षा टोली संयोजक डा. रूद्र शर्माले जानकारी दिए ।

कोशी प्रदेशले बनाएका ऐन, नियमावली, निर्देशिका, मापदण्ड र कार्यविधिको सान्दर्भिकता र कानूनको अभाव, बनाएका कानूनको दोहोरपनको अवस्था, कानूनको वैधानिकता, कानूनको सामरिकता, कानूनको आवश्यकता, कुन कुन कानून बनाउन बाँकी छ भन्ने विषयमा अध्ययन र समिक्षा गरिएको डा. शर्माले बताए ।

ऐन बनाउने क्रममा कानूनको सर्वमान्य सिद्धान्त प्रयोग भए नभएको समेत अध्ययन भएको थियो । प्रायः सबै कानून निर्माणको क्रममा पार गर्नुपर्ने चरणनै पुरा नगरी कानून निर्माण भएको अध्ययनको क्रममा पाइएको हो ।

अध्ययन तथा समिक्षा समितिले न्याय प्रशासन तथा सुशासन सम्बन्धी कानून, सार्वजनिक प्रशासन सम्बन्धी कानून, मौलिक हक तथा मानव अधिकार सम्बन्धी कानून, अन्तरतह समन्वय र सहकार्य सम्बन्धी कानून र वित्तिय संघीयता सम्बन्धी कानून तत्काल बनाउन सुझाव दिएको छ ।

त्यसैगरी, कृषि, कृषि व्यवसाय र पशु व्यवसाय सम्बन्धी कानूनहरू, फोहोरमैला व्यवस्थापन तथा शहरीकरण सम्बन्धी कानूनहरू, सडक, सडक सुरक्षा तथा सार्वजनिक यातायात सम्बन्धी कानूनहरू, लगानी तथा लगानी प्रवर्द्धन सम्बन्धी कानूनहरू, प्रदेशमा उत्पादित उत्पादनहरूको संरक्षण तथा बजार प्रवर्द्धन सम्बन्धी कानूनहरू, प्रदेशको लगानी तथा उत्पादनलाई विश्व बजारमा संरक्षण तथा सुरक्षित गर्ने कानून, प्रदेश शिक्षा सम्बन्धी कानून, भूमी सम्बन्धी कानून, निजामती तथा सरकारी सेवा सम्बन्धी कानून, सरकारी संस्थाका पदाधिकारीहरूको पारिश्रमिक, सेवा, सुविधा सम्बन्धी कानून, आर्थिक कार्यविधि, विनियोजन तथा आर्थिक प्रशासन सम्बन्धी कानूनहरू, राजश्व प्रशासन तथा कर सम्बन्धी कानूनहरू, लोक कल्याण तथा सामाजिक सुरक्षा सम्बन्धी कानून निर्माण गर्न सुझाव दिएको छ ।

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले छ महिना भन्दा बढी समय लगाएर गरिएको यो अध्ययन र समिक्षाले प्रदेशलाई अघि बढाउन कोशेढुङ्गा सावित हुने बताउनु भयो । प्रदेशको पहिलो आन्तरिक मामिला तथा कानून मन्त्रालयको कार्यभार सम्हाल्ने क्रममा आफ्नो कार्यकक्षमा बत्ति पनि नभएको स्मरण गर्दै मुख्यमन्त्री कार्कीले पर्याप्त जनशक्ति र अनुभवको अभावमा कमी कमजोरी भएको स्वीकार गरे । प्रदेशले ऐन, नियम बनाउँद केही कमीकमजोरी भएको स्वीकार गरेका छन् । प्रदेश सरकारले केही कामगर्न खोज्यो भने प्रदेश समन्वय परिषदले रोक्ने भन्दै मुख्यमन्त्री कार्कीले प्रदेश सरकारले चाहे जसरी काम गर्नै नपाएको बताए । दण्ड र सजाय नभएका कानूनको विषयमा कानून व्यवसायीलाई थाहा नहुने मुख्यमन्त्री कार्कीको भनाइ छ । वित्तको बाँडफाँड सम्बन्धी ऐन संविधान र कानून विपरित भएको भन्दै मुख्यमन्त्री कार्कीले प्रदेश संरचना प्रतिको पूर्वाग्रहका कारण पनि नकारात्मक टिप्पणी भइरहेको बताए ।

# वैध कागजातका अभावमा मलेसियामा धेरै नेपाली बन्दी

काठमाण्डु वैध कागजातका अभावमा मलेसियामा धेरै नेपाली आप्रवासी श्रमिक पक्राउ परेका अध्ययन प्रतिवेदनले देखाएको छ ।

प्रवासी नेपाली समन्वय समिति (पिएनसीसी), सेन्टर फर द स्टडी अफ लेबर एण्ड मोबिलिटी (सेस्लम) र शोसल साइन्स बहाःको एक अध्ययनले मलेसियामा विभिन्न कारणले कारागार चलान भएका नेपाली आप्रवासी श्रमिकमध्ये ६१ प्रतिशत कागजपत्रसम्बन्धी मुद्दामा पक्राउ परेको देखाएको हो ।कैदमा रहेकामध्ये कागजपत्रसम्बन्धी ६१ प्रतिशत, सहकर्मी वा रोजगारदातासँग झगडाका आठ प्रतिशत र आपराधिक गतिविधिसम्बन्धी कारणले तीन प्रतिशत श्रमिक पक्राउ परेका अध्ययनले देखाएको छ ।

पिएनसीसीले आज यहाँ पत्रकार सम्मेलन आयोजना गरी 'मलेसियामा ठगी, गिरफ्तारी र थुनामा रहेका नेपाली आप्रवासी श्रमिक' बारे अध्ययन प्रतिवेदन सार्वजनिक गरेको हो । अध्ययनले पिएनसीसीमा सन् २०२० देखि २०२३ सम्म दर्ता भएका सात सय ५८ व्यक्तिका मुद्दाको विश्लेषण गरेको थियो । मलेसियामा नेपाली श्रमिकलाई आप्रवासनको यात्रा अझै पनि जोखिमपूर्ण र शोषणपूर्ण हुने गरेको अध्ययनले देखाएको छ ।

**कैदमा पर्नुका कारण**

रोजगारीका लागि मलेसिया पुगेका नेपाली मुख्यतया कागजातसम्बन्धि समस्या रहेको छ । कैदमा पर्ने ६१ प्रतिशत आवश्यक कागजपत्रसम्बन्धी मुद्दामा पक्राउ परेका छन् ।

कागजपत्रसम्बन्धी मुद्दामा पक्राउ परेका ८० प्रतिशत श्रमिक अनुमतिपत्र बाँधिएको रोजगारदाताकहाँबाट भागेको र त्यस कारण वैध भिसा वा काम गर्ने अनुमतिपत्र नभएकाले नौ प्रतिशत श्रमिक कैद परेका हुन् । नेपालका एजेन्ट वा भर्ना एजेन्सीबाट ठगिएर कागजपत्रविहीन भएर कैद पर्ने तीन प्रतिशत थिए । यस्तै राहदानी वा परिचयपत्र नभएकाले कैदमा पर्नेको सत्ख्या एक प्रतिशत रहेको थियो । कतिपय अवस्थामा रोजगारदाताले राहदानी कागजपत्र नवीकरण नगर्दा श्रमिकलाई सास्ती हुने गरेको छ ।

सार्वजनिक स्थानमा हिँडडुल गर्दा केही कारण प्रहरीले पक्राउ गरे आवश्यक परिचयपत्र र राहदानी देखाउन नसक्ने श्रमिकसमेत कैद परेका छन । रोजगारदातालाई पक्राउबारे जानकारी नहुँदा लामो समय श्रमिक कैदमा परेका मुद्दा पनि छन् ।

यस्तै, आफ्ना सहकर्मी वा रोजगारदातासँग झगडा गरेर कैद पर्ने नेपाली आप्रवासी श्रमिक आठ, आपराधिक गतिविधिका कारण तीन, हत्या, चोरी, अवैध लागूऔषध बेच्ने, सेवन गर्ने, नक्कली मदिराको बिक्री, जुवा र अपहरणको मुद्दामा कैदमा पर्ने नेपाली श्रमिक धेरै सत्ख्यामा रहेका अध्ययनमा उल्लेख छ । अध्ययनअनुसार कैदभित्र पनि नेपाली आप्रवासी ठगिमा पर्छन् । न्यायका लागि सञ्चारसम्म पहुँच नहुने र सहयोग कहाँबाट लिने भन्ने जानकारी नहुने धेरैले कैदमुक्त गर्ने आश्वासनमा ठगिएका छन् ।



अध्ययनका क्रममा पिएनसीसीमा सन् २०२० देखि २०२३ सम्म दर्ता भएका सात सय ५८ जना कैदमा परेका श्रमिकको तथ्याङ्क विश्लेषण र त्यसमध्ये १३ जनासँग अर्न्तवार्ता गरिएको थियो । वैदेशिक रोजगार विभागको तथ्याङ्कअनुसार सन् २०२२/२३ मा मलेसियाका लागि दुई लाख १९ हजार तीन सय ५७ जनाले नयाँ श्रम स्वीकृति लिएका थिए । मलेसिया जाने श्रमिकमध्ये अधिकांश मधेश, लुम्बिनी र कोशी प्रदेशका रहेका छन् । त्यहाँ उत्पादन क्षेत्रमा सबैभन्दा बढी ६६ दशमलव छ प्रतिशत, प्राथमिक पेशा, कृषि, चालक, मेसिन अप्रेटरलगायत क्षेत्रमा श्रम गर्दै आएका छन् । सन् २००८ देखि २०२२ सम्म मलेसियामा तीन हजार पाँच सय १९ जना नेपाली श्रमिकको मृत्यु भएको अध्ययन प्रतिवेदनले देखाएको छ ।

**नेपाली श्रमिकले किन छाड्छन् कम्पनी ?**

धेरैजसो आप्रवासी श्रमिकले शोषणकारी रोजगार र रोजगार करारसँग सम्बन्धित समस्याका कारण रोजगारदाता एवम् कम्पनी छोड्ने गरेका छन् । सम्झौताअनुसार काम र सुविधा उपलब्ध नहुँदा रोजगारदाता वा कम्पनी छोडने श्रमिक ५७ प्रतिशत छन् । उनीहरुले सम्झौताभन्दा कम ज्याला र ज्याला चोरीका कारण कम्पनी छोडने गरेको देखिएको छ । रोजगारदातासँगको झगडा, विवाद र अन्यत्र बढी कमाइ हुने अपेक्षाले पनि श्रमिकले कम्पनी छाडने गरेका अध्ययन प्रतिवेदनमा उल्लेख छ ।

**भर्ना प्रक्रियामा समस्या**

पिएनसीसीले गुनासो दर्ताको समयमा ७२ दशमलव पाँच प्रतिशत श्रम स्वीकृति नभएको देखिएको उल्लेख गरेको छ । कुल ९७ दशमलव छ प्रतिशतसँग गन्तव्य देशको कागजात अर्थात रोजगार स्वीकृति, भिसा र बसोबास परमिट नभएको पाइएको थियो ।

यस अध्ययनले श्रमिकले अझै पनि अत्यधिक भर्ना शुल्क तिर्दै आइरहेको देखाएको छ । पिएनसीसीमा सन् २०२० र २०२३ का बीच मुद्दा दर्ता गर्ने मलेसिया गएका ५० प्रतिशत नेपाली आप्रवासी श्रमिकले रु एक लाखदेखि दुई लाखसम्म भर्ना शुल्कवापत तिरेको पाइएको छ । अध्ययनअनुसार झण्डै ८४ प्रतिशत आप्रवासी श्रमिक मलेसिया आप्रवासनका लागि वैदेशिक रोजगार व्यवसायीमा (म्यानपावर कम्पनि) भरपर्ने गरेको देखाएको छ । त्यसका साथै करिव १५ प्रतिशत आप्रवासी श्रमिक व्यक्तिगतरूपमा वा आफन्त वा एजेन्टमार्फत मलेसिया पुगेका छन् ।

**प्रतिवेदनको सुझाव**

सरकारले वैदेशिक रोजगारीमा गएका नेपालीको घर फिर्तीमा सहजीकरणका लागि गर्दै आएको प्रयास प्रयाप्त नभएको अध्ययनले देखाएको छ । त्यसैले सरकारले अप्ठ्यारामा परेका, काजगपत्र, जेल तथा घरफिर्ती केन्द्रमा रहेका नेपाली श्रमिकलाई स्वदेश फर्काउन कार्ययोजनासहित काम गर्न सुझाव दिएको छ । नेपाली आप्रवासी श्रमिकको सफ्ट सीपमा अभिवृद्धि र स्वदेश फिर्ता भएका आप्रवासी श्रमिकलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउनसमेत प्रतिवेदनले सुझाएको छ ।रासस

# ट्र्याक्टरमा च्यापिएर चालकको मृत्यु

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीमा ट्र्याक्टरमा च्यापिएर चालकको मृत्य भएको छ ।

जिल्लाको हरिवन नगरपालिका-१ स्थित पटौनामा आइतबार मध्यान्ह खेत जोतिरहेको ट्र्याक्टरमा च्यापिएर चालकको मृत्यु भएको छ ।

धान रोपाइँका लागि खेत जोत्दै हिँडेको ज १ त ५७५७ नं. को ट्र्याक्टर आफैँ अनियन्त्रित भई पल्टिँदा चालक हरिवन नगरपालिका-२ स्थित अत्रौली का ५० वर्षीय सहदेव राउतको मृत्यु भएको छ । खेतको आली माथि चढाउने क्रममा ट्र्याक्टर पल्टिदा चालक राउतको रोडाभेटरमा च्यापिएर घटनास्थलमै मृत्यु भएको इलाका प्रहरी कार्यालय हरिवनका प्रहरी निरीक्षक अनिलराज गिरीले जनाएका छन् । सो शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल मलंगवा पठाइएको छ ।

स्थानीयले दिएको जानकारी अनुसार राउतले रोपाइँका लागि खेत जोत्ने काम धेरै पाइने भएकाले ट्र्याक्टर भाडामा लिएर चलाउने गरेको थियो ।

**माईग्रेशन हरायो**

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन मिति २०८०/१२/०८ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम : राजदेव सदा**
**सिम्बोल नं.: २१५०३०२२**
**रजिष्ट्रेशन नं.:७१५४२०३४**
**ठेगाना: अग्णीसाईर कृष्णासबरण गा.पा.-६, महुली, सप्तरी**
**मो.नं.९८२६७४३८५९**

**मोटरसाईकल हरायो**

मेरो निम्न ब्यहोरा भएको प्रदेश निर्वाचन कार्यालय, जनकपुरको Parking बाट मिति २०८१/३/१५ गते करिब दिउँसो ३:०० बजे प्रदेश २-०२-००४ प ९७८९ नम्बरको कालो रातो रंगको ईन्जिन नं. DKXCMD09137 चेचिस नम्बर MD2A13EX4MCE88802 को बजाज कम्पनीको Pulser 220cc F ABS मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम: अमरेश कर्ण**
**ठेगाना: सुगाभवानीपट्टी-१, महोत्तरी**
**मो. नं. ९८४९३८४३०७**

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : सुख समृद्धि हुने । |
| बृष | : भ्रमण अवसर हुने । |
| मिथून | : अवसर प्राप्त । |
| कर्कट | : वाद विवादबाट बच्नु । |
| सिंह | : पुरस्कार प्राप्त लाभ । |
| कन्या | : नयाँ कार्य हुने । |
| तुला | : बौद्धिक क्षमता । |
| बृश्चिक | : प्रतिभा सम्पन्नता । |
| धनु | : शिक्षामा उन्नति । |
| मकर | : पारिवाहिक सुख । |
| कुम्भ | : धन वृद्धि सञ्चय । |
| मीन | : प्रेम प्रसंग, मित्र सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



मधेशको राजधानी जनकपुरधामको पवित्र सरोवर **गंगा सागरको** मनमोहक छवि । *तस्विर : संजय कुमार यादव*

# सबै वामपन्थी र लोकतान्त्रिक शक्ति एक ठाउँमा उभिनुपर्छ : प्रधानमन्त्री



काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले राष्ट्र र जनताको समृद्धिका लागि सबै वामपन्थी र लोकतान्त्रिक शक्ति एक ठाउँमा उभिनुपर्ने बताउनुभएको छ ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) को दसौं राष्ट्रिय महाधिवेशनलाई सम्बोधन गर्नुहुँदै प्रधानमन्त्री दाहालले समाजवादी क्रान्तिको विश्लेषण गर्दै शक्ति तथा सङ्गठन विस्तारका लागि कार्यदिशा निर्माण गर्न शुभकामना दिनुभयो ।

भ्रष्टाचार न्यूनीकरण गर्न विभिन्न भ्रष्टाचारका फाइल अगाडि बढाउने उल्लेख गर्दै उहाँले भन्नुभयो, "केही भएको छैन भन्ने निराशावादी भाष्य गलत छ, भविष्यमुखी, राष्ट्रको समुन्नतिका लागि प्रतिबद्ध छु ।"

प्रधानमन्त्री दाहालले विगतमा एउटै मोर्चामा रहँदा एकीकृत समाजवादी पार्टी र माओवादीबीच एकताबद्धको प्रयास भएको तथा नयाँ र परिमार्जित विचार महाधिवेशनले पारित गर्ने विश्वास व्यक्त गर्नुभयो । मुलुकको आवश्यकताअनुसारमार्क्सवादलाई परिमार्जन गर्नुपर्ने उहाँको भनाइ थियो । रासस

# 'कतिबेला बास उठ्ने हो थाहा छैन'

महोत्तरी । देशभर मनसुनको प्रभाव बढ्दै जाँदा पहाडी जिल्ला र चुरे क्षेत्रमा वर्षासँगै बाढी आउन थालेसँगै छि खोला नदीहरुमा पानीको सतह बढ्न थालेपछि स्थानीयवासी त्रसित छन् । चुरे शृंखलाबाट निस्कने खोलाहरुमा बालुवा र गेग्रान चुलिँदै जाँदा महोत्तरीका विभिन्न बस्ती डुबानमा पर्ने र निर्मित भौतिक संरचना भत्कने जोखिम बढेसँगै नदी वरपरका वासिन्दा डुबान र कटानबाट हुनसक्ने सम्भावित क्षतिबाट त्रसित बनेका हुन् ।

"ऊ हेर्नोस् न, खोलामा बालुवा थुप्रिएर पुल बराबरजस्तो भइसक्यो," पूर्व-पश्चिम राजमार्गको जिल्लामा पर्ने जङ्घा खोलाको पुल नजिक देखाउँदै बर्दिबास-८ खजुरियाटोलका विश्वराज आले भन्नुहुन्छ, "यही अवस्था रहे त हाम्रो बस्तीमा पानी पस्न ठूलो बाढी पनि चाहिँदैन । यस वर्ष भारी वर्षा हुने मौसमविद्हरुको भनाइ सुन्दा ठूलै बाढी आई कतिबेला बस्ती नै उठ्ने हो थाहा छैन ।" बर्खामा आउने खोलाको बाढीले चुरे पहाड र खोल्साखोल्सीको गेग्रान नदी सतहमा थुप्रिँदै जाँदा अहिले कैयौँ बस्ती खोलाको सतहभन्दा गहिरोमा परेका छन् ।

जिल्लाका जङ्घा, बेलगाछी, मरहा, टुटेश्वर, ढोलनखोला र खयरमारासहितका खोला अहिले बालुवा थुप्रिएर उचा हुँदै गएपछि बस्ती डुबानको जोखिममा परेका सर्वसाधारणको चिन्ता बढेको हो । "हेर्दाहेर्दै खोला माथि देखिन थाल्यो, कसैलाई चिन्ता छैन" राजमार्ग क्षेत्रमै बेलगाछी, मरहा र ढोलन खोलामा थुप्रिएको बालुवा देखाउँदै गौशाला-८ बेलगाछीका मीन रहपाल भन्नुहुन्छ, "हामीकहाँ नपरी नचेत्ने बानी परेको छ, क्षति हुन थालेपछि दौडधुप गर्ने ।"

यी नदीहरुको व्यवस्थापन गर्नु जरुरी भएको जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्षसमेत रहनुभएका प्रमुख जिल्ला अधिकारी शिवराम गेलालको निष्कर्ष छ । प्रजिअ गेलाल भन्नुहुन्छ, "धेरैजसो नदी नजिकका बस्तीभन्दा उँचो भएका छन्, राजमार्ग नजिक खोलामा बालुवा र गेग्र्यान थुप्रिँदै गएको छ, यसको समुचित व्यवस्थापन आवश्यक देखिन्छ ।" राजमार्ग दायाँबायाँको पाँच सय मिटर क्षेत्रको संरक्षणको मुख्य जिम्मा भएको सडक विभाग, वन सम्बद्ध कार्यालय र सम्बद्ध स्थानीय तहको निर्णायक पहल हुनपर्ने उहाँको भनाइ छ ।

कतिपय खोलामा पूर्व-पश्चिम राजमार्गका पुल बराबरजस्तो बालु, गेग्र्यानको थुप्रो छ, कैयन बस्ती अहिलेको खोला सतहभन्दा तल रहेका छन् । जिल्लामा कतिपय ठाउँमा मापदण्डको अटेर गर्दै उत्खनन गरिएको र कतिपय नदीमा थुप्रिएको बालुवा, गेग्र्यानको उचित व्यवस्थापन नगरिँदा जोखिम बढेको छ । गेलाल भन्नुहुन्छ, "नदीसहितका प्राकृतिक सम्पदाको संरक्षण र उपयोगको नीति अवलम्बन गर्ने मुख्य जिम्मेवारी स्थानीय तहको हो भने वन सम्बद्ध कार्यालय र सडक विभागले यस कार्यमा तदारुकता देखाउन आवश्यक छ ।" खासमा बालुवा, गेग्र्यान थुप्रिएको ठाउँमा उत्खननका स्थापित नियम, कार्यविधि, वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन र विज्ञहरुको सुझावको पालना गर्दै यसको व्यवस्थापन जिम्मेवार निकायले गर्नपर्ने हुन्छ ।

रातु नदीमा अनियन्त्रित उत्खननले तटबन्ध, सडक, पुलपुलेसा, जलाधार क्षेत्र र बस्तीहरु बाढीको जोखिममा परेका छन् । रातु नदीमा बढेको अनियन्त्रित उत्खननविरुद्ध बर्दिवासका अधिकांश राजनीतिक दलले सर्वोच्च अदालतमै रिट दायर गरेका छन् । अनियन्त्रित उत्खनन रोकेर यसलाई प्रचलित कानुन, विधि, प्रक्रिया र यसका लागि निर्धारित मापदण्डको पूर्ण परिपालना गर्न/गराउन रिटमार्फत माग गरिएको निवेदकमध्येका नेपाली कांग्रेस महासमिति सदस्य बर्दिबास-१४ का बासिन्दा चिरञ्जीवी हमाल बताउनुहुन्छ ।



> खासगरी बर्दिबासमा रातु नदी उत्खननको विषय सधैँजसो विवादित रहँदै आएको छ । रातुको अनियन्त्रित उत्खनन नगर प्रमुख प्रल्हादकुमार क्षेत्रीकै जोडबल र राजनीतिक हैसियतको दुरुपयोगबाट हुने गरेको दलका प्रतिनिधिको कडा आरोप छ ।

दलहरुको सो रिट अहिले अदालतमा विचाराधीन छ । यद्यपि अन्तिम निर्णय नआउन्जेल रातु नदीको उत्खनन हाललाई रोक्न अदालतले प्रारम्भिक आदेश दिएको निवेदकमध्येका नेपाल कम्युनिष्ट पार्टी (एमाले) का मधेस प्रदेश कमिटी सदस्य शङ्कर महतोले बताउनुभयो । जिल्ला प्रशासन कार्यालय महोत्तरीले पनि यस्तो आदेश आएको पुष्टि गरेको छ ।

खासगरी बर्दिबासमा रातु नदी उत्खननको विषय सधैँजसो विवादित रहँदै आएको छ । रातुको अनियन्त्रित उत्खनन नगर प्रमुख प्रल्हादकुमार क्षेत्रीकै जोडबल र राजनीतिक हैसियतको दुरुपयोगबाट हुने गरेको दलका प्रतिनिधिको कडा आरोप छ । अहिले नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), रास्वपा, जनमत, लोसपा नेपाल र जसपा नेपालसहितका बर्दिवासका राजनीतिक दलका प्रतिनिधिले नगर क्षेत्र हुँदै बग्ने नदीहरुको कुशल व्यवस्थापनको सट्टा रातु खोलामा ठूला खाल्डा बनाएर नदी क्षेत्र कुरुप बनाउँदै लगिएको आरोप लगाउँदै आएका छन् ।

नदीजन्य वस्तु (बालुवा, गिट्टी र ढुङ्गा) उत्खननका स्थापित नियम र विधि भए पनि त्यसको पालना नभएपछि समस्या बढेको नेकपा (माओवादी केन्द्र)का जिल्ला इन्चार्ज बर्दिबास-१ का बासिन्दा राजु खड्काको गुनासो छ । बर्सेनि खोलामा थुप्रिने बालुवा, गेग्र्यान दुवै किनारतर्फ निश्चित नाप छाडेर बहाव क्षेत्रमा तीन फिट गहिरोसम्म खनेर निकाल्न सकिने व्यवस्था छ । उत्खनन गर्नुपूर्व अनिवार्य रुपमा विज्ञको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अध्ययन गरेर त्यसको परिपालना गर्दै अघि बढे कतै समस्या नआउने नेता खड्का बताउनुहुन्छ । उत्खनन गरिँदा ससाना यान्त्रिक उपकरणसम्म प्रयोग गर्न सकिने व्यवस्था भए पनि यहाँ (रातु नदी) ठूल्ठूला उपकरण प्रयोग हुँदै आएका खड्काको भनाइ छ ।

यता बर्दिबासका नगर प्रमुख क्षेत्री नगर क्षेत्रका नदीमा भएका उत्खनन अनियन्त्रित वा मापदण्ड विपरीत नभएको बताउनुहुन्छ । केही व्यक्तिहरु नगर क्षेत्रमा भइरहेका विकास प्रयत्नमा राजनीतिक आग्रह साध्न रोक्न चाहिरहेका क्षेत्रीको भनाइ छ । उत्खननका लागि सबै कानुनी प्रक्रिया पुऱ्याएर ठेक्का बन्दोबस्त गरिएको, उत्खनन कार्य मापदण्डअनुसार छ/छैन नियमित अनुगमन गरिएको उहाँको भनाइ छ । अहिले उत्खननविरुद्ध भएका काम कारबाहीले यहाँका विकास कार्यहरु अवरुद्ध भएको र ठाउँठाउँमा बालुवा, गेग्र्यान थुप्रिएर नदीको सतह बस्ती र सडकभन्दा उँचो हुँदा बर्खामा डुबानसँगै उर्वर जग्गामा बालुवा पुरिएर मरुभूमि बन्ने जोखिम बढेको क्षेत्रीको स्वीकारोक्ति छ ।

रातुबाहेकका अन्य केही नदीमा बालुवा, गेग्र्यान थुप्रिँदै गएर सतह उठ्दै जाँदा कैयन बस्ती, वन क्षेत्र, राजमार्ग र अन्य कैयन संरचना होचिँदै गएका छन् । पूर्व-पश्चिम राजमार्गकै खयरमारा, ढोलन खोला, टुटेश्वर, ढुङ्गे र गढन्ता खोलाका पुल नजिक राजमार्ग छुइने गरी बालु, गेग्र्यान थुप्रिँदै गएको छ । यसले नजिकका बस्ती, सघन वन क्षेत्र, पुल र सडकसहितका संरचना बर्खाकालको बाढीको जोखिममा परेका छन् । यता उत्खनन् गर्नेहरु रातुमा केन्द्रित हुँदा यहाँ खनिएका ठूल्ठूला खाल्डाले जमिनमुनिको पानीको सतह गहिरिँदै गएको, नदी क्षेत्र कुरुप बनेको, जथाभावी खनिएका खाडलमा बर्खामा जम्ने पानीमा परेर बर्सेनि मानवीय क्षति बढाएको र माथिल्लो भेगमा कटान र मध्य र तल्लो भेगमा डुबान समस्या बढेको चुरे तथा जलाधारविज्ञ बताउँछन् । "नदी क्षेत्रमा बर्सेनि उत्खनन गरिनुपर्छ तर यसका निश्चित मापदण्ड छन् । यो मापदण्ड पालना नहुँदा उत्खनन गरिँदा वा नगरिँदा समस्या बढ्ने हो," जिल्लाकै भङ्गाहा-७ का बासिन्दा चुरेविज्ञ डा विजयकुमार सिंह भन्नुहुन्छ, "सम्बद्ध स्थानीय तह यसको मुख्य जिम्मेवार हो ।"

चुरे र जलाधार क्षेत्र संरक्षणका क्षेत्रमा लामो अनुभव सँगाल्नुभएका सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल बर्दिवासका अध्यक्ष नागदेव यादव राजमार्ग नजिक आएर यसको व्यवस्थापन सोचिनु अवैज्ञानिक हुने बताउनुहुन्छ । जिल्लामा राजमार्ग छिचोल्दै तलतिर झर्ने खोलाहरुमा पाँच सयभन्दा माथि स८्याका खोल्साखोल्सी पहाडी शृ८ला वरपर मिसिएका छन् । यी खोल्साखोल्सीले बर्खामा बगाएर ल्याउने गेग्र्यानको माथि नै व्यवस्थापन गरिनुपर्ने यादवको भनाइ छ । खोलामा मिसिनुअघि नै खोल्साखोल्सी बाँधेर गेग्र्यान माथि नै थुन्नु वैज्ञानिक हुने यादव बताउनुहुन्छ ।

"हामीले रातु नदी क्षेत्रमा राजमार्गमाथि काम गरेका छौँ, रातुमा मात्रै एक सय आठवटा खोल्साखोल्सी मिसिएका छन्," यादव भन्नुहुन्छ, "रातुमा मिसनुअघि नै हामीले ६७ वटा खोल्साखोल्सीमा छड्के बाँध बनाएर त्यसको व्यवस्थापन गरेका छौँ, ती बाँधिएका खोल्साखोल्सीबाट बाढीमा बग्ने गेग्र्यानमाथि नै रोकिन्छ, खोलामा झर्न पाउँदैन ।" यसले नदी प्रणाली व्यवस्थापनमा निकै सहज भएको यादवको भनाइ छ ।

जिल्लाका सबै खोल्साखोल्सीमा यस्तो छड्के बाँध बनाउन सकिए बर्सेनि तलतिरका उर्वर जग्गामा बालुवा थुप्रिने क्रम नियन्त्रण हुँदै जाने उहाँ बताउनुहुन्छ । यस्ता छड्के बाँधले छानिएर तल झर्ने पानी चुरे क्षेत्रमै जम्मा गर्न सके यसले तल्लो भेगसम्म पानी पुनर्भरणमा सघाउने उहाँको भनाइ छ । विज्ञहरुले नदी प्रणाली व्यवस्थापन र नदीजन्य पदार्थको वैज्ञानिक उपयोग नीति अवलम्बनको कुरा उप्काए पनि यहाँ भने त्यसतिर ध्यान कम पुगेको सामाजिक क्षेत्रका अगुवा बताउँछन् । "विज्ञहरुले चुरे क्षेत्रमै खोल्साखोल्सी व्यवस्थापन गर्न सुझाउँछन् तर यहाँ मुद्दा उत्खननको मात्र बन्छ," बर्दिबास-१४ का सामाजिक कार्यकर्ता हरि दाहाल भन्नुहुन्छ । चुरे संरक्षणका क्षेत्रमा प्रभावकारी काम गर्न तीनै तहका सरकारले समन्वय गर्नसके ठूलो उपलब्धि हासिल हुने उहाँ बताउनुहुन्छ ।

नदीहरुमा उत्खननका लागि नदीजन्य पदार्थको निकासी ठेक्का बन्दोबस्त समयमा हुन नसक्दा नगरपालिकाले सङ्कलन गर्ने राजस्व गुमेको छ । कैयौँ सरकारी योजनाका निर्माण कार्य समयमा बालुवा, गिट्टी र ढुङ्गा आपूर्ति नहुँदा अलपत्र परेका छन् । यसबाहेक सर्वसाधारणका निजी निर्माण काम पनि बालुवा, गिट्टीको अभावमा रोकिएका छन् । नदी उत्खननको वैधानिक बाटो नचालिँदा नदीजन्य पदार्थ मनपरी मूल्यमा तस्करले बेचिरहेका छन् । नदी उत्खननसँग जोडिएर देखिने विरोध र विवादको वैज्ञानिक समाधान नखोजिँदा समस्या झन् बल्झने गरेको बर्दिबास-१४ का पूर्ववडाध्यक्ष भरतबहादुर हमाल बताउनुहुन्छ । अब चाहेर पनि यसपालि असोजअघि बालुवा थुप्रिएका ठाउँको उत्खनन गर्न सकिन्न । असार-१ गतेदेखि भदौ मसान्तसम्म नदी उत्खनन कानुनले नै वर्जित रहेको हुँदा यो समस्या यथावत् नै रहन्छ ।रासस

# पत्रकार महिलामाथि हिंसाका उजुरी सम्बोधन तत्कालः अध्यक्ष बस्नेत



काठमाण्डु । प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले न्यू मिडियामा पत्रकार महिलामाथि हुने जुनसुकै हिंसाबारे परेको उजुरीलाई सम्बोधन गर्न काउन्सिल हरदम तयार रहेको बताउनुभएको छ ।

काठमाडौँमा आइतबार काउन्सिल र सञ्चारिका समूहले गरेको 'न्यू मिडिया र पत्रकार महिला : युट्युबसहित सामाजिक सञ्जालको पत्रकारिता प्रभाव' विषयक अन्तक्रियामा अध्यक्ष बस्नेतले मर्यादित आचारसंहितामा रही मर्यादित पत्रकारिता गर्न सुझाव दिनुभएको थियो ।

पत्रकार निर्मला शर्माले सामाजिक सञ्जालमार्फत आएका सूचना तथ्य प्रमाणित गरेर मात्रै समाचार लेख्न पत्रकारलाई आग्रह गर्नुभयो । त्यस्तै, पत्रकार बबिता बस्नेतले नयाँ प्रविधिसँगै अगाडि बढेर पत्रकार गर्ने पत्रकार महिलाले आफ्नो क्षमता तिखार्न सधैँ तत्पर हुनुपर्ने धारणा राख्नुभयो । सञ्चारिका समूहका अध्यक्ष बिमला तुम्खेवाले पत्रकार महिलाले न्यू मिडियामा आफूलाई सुरक्षित राख्दै पत्रकारिता गर्नुपर्ने थुप्रै चुनौती रहेको उल्लेख गर्नुहुँदै त्यसका लागि सधैँ तालिम र सचेतना जगाउने काम भइरहेको सुनाउनुभयो ।

सञ्चारिका समूहका पूर्वअध्यक्ष नितु पण्डीतले न्यू मिडियामा महिला पत्रकारले भोग्नु परेका चुनौतीबारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उहाँका अनुसार न्यू मिडियामा पत्रकारितामा महिलाले विभिन्न प्रकृतिका साइबर बुलिङ सहनु परेको छ । उहाँले म्याग संस्थानको रिपोर्टअनुसार ८८ प्रतिशत पत्रकार महिला डिजिटल हिंसामा परेको तथ्य खुलाउनुभयो । इकान्तिपुर डटकमका सम्पादक दुर्गा खनालले अबको पत्रकारिता जीवन्त हुने आधार न्यू मिडिया रहेको भए पनि पत्रकारिता मूल मर्म भुल्न नहुने बताउनुभयो ।

पत्रकार दीपा रेग्मीले प्रस्तुतीकरणमाथि टिप्पणी गर्नुभएको थियो । त्यस्तै, अन्नपुर्ण पोष्टका प्रधान सम्पादक अखण्ड भण्डारी, पत्रकार अनिता विन्दु, काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेत, नारी मासिकका सम्पादक उपासना घिमिरेले लगायतले न्यू मिडियाका चुनौतीमाथि सामूहिक छलफल गरिएको थियो ।

पत्रकार कृष्णा पौडेलले सहजीकरण गर्नुभएको थियो ।रासस

आयो करे यात्रा मंगलमय चारो धाम की
यहि मिति २०८१/३/२१ गते शुक्रवार ५ तारिखका दिन २×२ लक्जरी भिडियो कोच बस खुल्ने जा रहि है ।
विशेष यात्रा सेवा । शुल्तानगंज बाबाधाम बासुकिनाथबनारस, काशिविश्वनाथ, ज्योति लिङ्ग, प्रयागराज, संगम, चित्रकोट चारधाम बाबा बागेश्वरधाम, वृन्दावन, मथुरा, गोकुल, कुरुक्षेत्र, अर्मितशर स्वर्ण मन्दिर, जय माँ बैष्णो देवी, अमरनाथ, श्रीनगर, काशमिर ज्वलामुखि, नैना देवी, चिन्ता पुरनी काङ्गरा देवी, हरिद्वार, रिषीकेश, नैमीशारण, अयोध्या, गोरखपुर, गोरखनाथ दर्शन कराते हुऐ जनकपुरधाम वापस ।

टिकट दर १८,००० भारु दो सामका भोजन समेत लिखेगए सारे तिर्थ ग्यारेन्टीके साथ घुमाया जाएगा हर यात्री अपना नागरिकता अवस्य रखे ।



प्रो. पोषण प्रसाद साह
जानकी चौक, जनकपुरधाम-१०
पल्टी माई मन्दिर सब्जी बजार
मो. ९८४४९३३१९५ (नेपाल)
मो. ९८४४०७३६०० (नेपाल)
मो. 8271086993 (भारत)

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

**प्रकाशित मिति: २०८१/०३/१७**

यस बैंकको शाखा कार्यलाय सबैला, धनुषाबाट तपाई ऋणीले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणी तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको नाम र ठेगाना**


निरस महतोको नाती, विसो महतोको छोरा, ममता देबी साह सुडी की पति, सिरहा जिल्ला चिकना गा.वि.स. वडा नं.०१, स्थाई ठेगाना भई हाल धनुषा जिल्ला जनकपुर उ.म.न.पा. वडा नं. १९, बस्ने **श्याम महतो** ( ना.प्र.नं. ७४३, जारी मिति २०५३/०८/१८, जिल्ला सिरहा)

**जमानीकर्ताको नाम र ठेगाना**

विसो महतोको बुहारी, राम विलास साहु सुडीको छोरा, शयाम महतोकी पत्नी, सिरहा जिल्ला, चिकना गा.वि.स वडा नं.०१, स्थाई ठेगाना भई हाल धनुषा जिल्ला जनकपुर उ.म.न.पा. वडा नं. १९, बस्ने **ममता देबी साह सुडी**, (ना.प्र.नं. १५३१०४/६४५, जारी मिति २०६३/१२/१०, जिल्ला सिरहा)

Citizens Bank

**मुख्य कार्यालय:**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोन: ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्स: ९७७ १ ४५२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznbank.com, ०१-५९७००६८



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

## सम्पादकीय

# राजनीतिक स्थिरता आवश्यक

नेपाल सानो तर विकासको सम्पूर्ण सम्भावना बोकेको सुन्दर राष्ट्र हो । संसारका कतिपय देशहरुले सबै मानव निर्मित काम गरेर विकसित देश बनेको छ । नेपालमा सबै थोक प्राकृतिक छन् । नेपालको विकासका लागि नीति निर्माताहरुमा आत्मबल हुनु आवश्यक छ। त्यसका लागि राजनीतिक समर्थन बलियो चाहिन्छ। बलियो राजनीतिक समर्थनका लागि देशमा राजनीतिक स्थिरता आवश्यक छ । राजनीतिक स्थिरता नभएकै कारण नेपालमा पटक पटक अनेक प्रकारका आन्दोलनहरु भइरहेका छन् । राजनीति स्थिरता भएपछि देशले सबल नेतृत्व पाउने छ । नेतृत्व सबल भए देशको विकासका धेरै वर्ष लाग्ने छैन । विकासमा राजनीति हुनु हुँदैन। नेपाल राणा शासनबाट मुक्त हुनु दुई वर्ष अर्थात वि.सं.२००५ सालमा भारत अंग्रेजबाट मुक्त भएको थियो । चीन पनि त्यही बेला स्वतन्त्रता प्राप्त गरे । संसारकै सबैभन्दा ठूलो लोकतान्त्रिक राष्ट्र भारत र संसारकै सबै भन्दा ठूलो कम्युनिष्ट राष्ट्र चीन नेपालको छिमेकी हुन्। लोकतन्त्र र साम्यवादले विकास गर्न अवरोध नपुग्ने प्रमुख उदाहरण भारत र चीन हुन्। संसारमा आर्थिक शक्तिको रुपमा भारत पाँचौ स्थानमा पुगेको छ। चीन दोस्रो स्थानमा छ। नेपालको आर्थिक अवस्था अति कमजोर छ। भारतमा पनि राजनीतिक स्थिरता सँधै रहेन । कयौं पटक मध्यावधि निर्वाचनहरु भएका छन् । तर त्यसले भारतको विकासको मार्गलाई धेरै असर गर्न सकेन । भारतीय नेता र नागरिकमा राष्ट्रप्रतिको समर्पणले विकासको गतिलाई निरन्तरता दिएको छ । नेपालमा भने त्यो देखिएन । पञ्चायतकालमा पनि विकासका केही राम्रा कामहरु भएका छन् । प्रजातन्त्रमा पनि राम्रा कामहरु भए । हरेक समयमा सकारात्मक सोच भएका नेताहरुले राष्ट्रका लागि काम गरेकै हुन् । तर ती सबै काम प्रयाप्त भएन । दुरदृष्टि राखेर देश बनाउने काममा हातेमालो हुन सकेन । देशमा सरकार ढाल्ने र बनाउनेमा नै बढी समय खर्च भएको देखियो । देशमा हाल कायम रहेको संघीय लोकतान्त्रिक गणतन्त्रलाई सबल बनाउने तर्फ नेताहरु अझै केन्द्रित हुन सकेका छैनन् । पछिल्लो पटक सरकार गठन भएको १९ महिनामा तीन पटक संघीय सत्ता गठबन्धन परिवर्तन भइसकेको छ। त्यसको मार प्रदेशमा व्यापक परेको छ। विकासका लागि स्थिर सरकार चाहिन्छ। संसदको बनावट अनुसार गठबन्धनबाट नै सरकार बनाउनु पर्छ । पछिल्लो पटक नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र एमालेका अध्यक्ष केपी ओलीबीच भएको राजनीतिक भेटले देशको राजनीतिलाई तरंगित बनाएको छ। फेरि सत्ता गठबन्धन फेरिने अनुमान लगाएसँगै विकास निर्माण समेत प्रभावित हुनेछ।

# नागरिकको असीम पीडाप्रति सरकारको अक्षम्य बेवास्ता

**उन्नती चौधरी**

सिकलसेल रोगप्रति सरकारले निरन्तर बेवास्ता गरिरहँदा एकातिर यो रोगका बिरामीहरू बढ्दै छन्, अर्कोतिर तराईको श्रमशील जनशक्ति 'विरामी' भइँदिदा राज्यलाई ठूलो क्षति पुगिरहेको छ।

गाउँपालिका कार्यालय बाहिर बैसाखीको सहारामा बल्लतल्ल उभिन सकेका थिए, साँघुराम चौधरी। देख्ने जो-कोहीले पनि उनको अनुहारमा असिम पीडा अनुभूत गर्न सक्थ्यो।

कैलारी गाउँपालिका-८ लोहरपुरका ३८ वर्षीय साँघुरामलाई सिकलसेल रोगले च्यापेको ९ वर्ष पुग्यो। रक्तप्रवाह रोकिएर सुक्दै गएको उनको एउटा खुट्टा पोहोर मंसीरमा चिकित्सकले काटिदिए। त्यसमाथि निरन्तरको शरीर दुखाइ र विभिन्न अंगमा देखा पर्ने समस्याले गिजोलिराख्छ। साह्रो-गाह्रो हुँदा रगत चढाइहाल्नुपर्छ। त्यसदिन उनी सिकलसेलका बिरामीले पाउने सुविधाबारे जानकारी लिन गाउँपालिका कार्यालय पुगेका थिए।

साँघुरामका अनुसार उपचारमा उनको जायजेथा सबै सकियो। लघुवित्तको ऋण तिर्न दुई कट्ठा जग्गा र बस्तुभाउ बेच्नु पर्‍यो। घरमा श्रीमती र ११ वर्षका छोरा छन्। "अब त रगत दिने साथीभाइ पनि टाढिन थालिसके", उनले भने।उता कैलारी-५ का नेकिराम कठरियाका १६ र १४ वर्षका दुई सन्तान रोग पत्ता नलागेरै बिते। "छोरीलाई ज्वरो आइराख्थ्यो, एक दुई पटक पखाला चलेपछि बचाउन सकिएन" उनले भने, "छोरालाई पित्तथैलीमा पत्थरी थियो, जन्डिस पनि देखिएको थियो।"

कठरियाकी श्रीमती पनि सिकलसेलकी बिरामी हुन्। पछि परीक्षण गराउँदा उनकी जेठी छोरीमा पनि सिकलसेल देखियो। त्यसैले बितेका दुई बच्चाको मृत्युको कारण पनि सिकलसेल हुनसक्ने उनको अनुमान छ। चिकित्सकहरूका अनुसार सिकलसेलका बिरामीलाई पत्थरी, जण्डिस जस्ता समस्या पनि हुने गर्छ।

धनगढीकी २९ वर्षीया सुष्मा राना थारूलाई सानैदेखि हातखुट्टा दुख्ने, थकाइ लाग्ने, शरीर दुख्ने समस्या थियो। महीनैपिच्छे बिरामी पर्न थालेपछि अभिभावकले झारफुक गराए। उस्तै समस्या भाइ शिवमलाई पनि देखिएपछि २१ जेठ २०७७ मा परीक्षण गराउँदा दिदीभाइ दुवैमा सिकलसेल पोजिटिभ देखियो। अहिले शिवमका पाँच वर्षीय छोरामा पनि त्यही समस्या देखिएको छ। यस पटक भने उनीहरूले झारफुक गरेनन्, अस्पताल लगे। सुष्मा भन्छिन्, "तीनै जना औषधि खाइरहेका छौं।"

### असाध्यै पीडा, भद्रगोल व्यवस्थापन

सिकलसेल रोगले असाध्यै पीडा दिने र उपचार पनि महँगो हुने गरेको प्रा.डा. विशेष पौडेल बताउँछन्। यो रोगका बिरामीलाई सरकारले उपचारका लागि केही सहयोग गरे पनि त्यसबाट खासै मद्दत नपुगेको उनको बुझाइ छ। उनी भन्छन्, "यो रोगका बिरामीलाई प्रसवका बेला महिलालाई हुनेभन्दा पनि धेरै बढी पीडा निरन्तर भइरहन सक्छ।"

सिकलसेल रोगका बिरामीको शरीरमा रक्त कोषिकाहरू हँसिया आकारको हुने हुँदा त्यस्ता कोषिकाहरू एकापसमा गुजुल्टिएर रक्त प्रवाहमा बाधा पुग्ने र त्यसले असह्य पीडा दिने उनी बताउँछन्। चिकित्सकका अनुसार रक्त प्रवाहमा अवरोधका कारण शरीरका विभिन्न अंग काम नलाग्ने, हृदयघात हुनेसम्म हुन्छ।

पश्चिम नेपालको थारू समुदायमा बढी देखिएको यो वंशाणुगत रोगका पीडितहरू कञ्चनपुर, कैलाली, बर्दिया, बाँके र दाङमा बढी छन्।दुई वर्षअघि अध्येता सन्तराम चौधरीले दाङ जिल्लामा गरेको एक अध्ययन अनुसार त्यहाँ थारू समुदायका ९.३ प्रतिशतमा सिकलसेल देखिएको थियो। जबकि, थारूबहुल पश्चिमका पाँच जिल्लामध्ये दाङमा प्रभावितको संख्या कम भएको अनुमान छ। स्वास्थ्य कार्यालय, बर्दियाले १ हजार ९९२ जनामा गरेको अनुसन्धानमा ११ प्रतिशतमा सिकलसेल रोग फेला परेको थियो।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्का अनुसार सानो आकारमा भएका यस्ता छिटपुट सर्वेक्षण बाहेक नेपालमा सिकलसेल प्रभावित जनसंख्या कहाँ कति छ भन्नेबारे विस्तृत अध्ययन भएको छैन। परिषद्ले सिकलसेलबारे नेपालको तराईका जिल्लामा गरेको एक विस्तृत अध्ययनको प्रतिवेदन भने अझै तयार भइनसकेको त्यहाँका सूचना अधिकारी चन्द्रभूषण यादव बताउँछन्।

"यो रोग निर्मूल पार्न अहिलेसम्म पत्ता लागेको उपचार भनेको १२ वर्षभन्दा माथिका बिरामीका लागि जिन थेरापी हो, जुन असाध्यै महँगो छ" प्रा.डा. पौडेल भन्छन्, "जिन थेरापीका लागि विदेशमा करिब १६-१७ करोड रुपैयाँ खर्च लाग्छ।" यद्यपि पाँच वर्ष मुनिका बालबालिकामा बोनम्यारो ट्रान्सप्लान्ट गरेर निर्मूल पार्न सकिने उनले बताए। नेपालमै संभव रहेको बोनम्यारो ट्रान्सप्लान्टका लागि आवश्यक स्रोतसाधन भए पनि सरकारले व्यवस्थापन गर्न नसकेको उनको गुनासो छ।संघीय सरकारले सिकलसेल प्रभावितका लागि उसको जीवनभरमा उपचार बापत एक लाख रुपैयाँ उपलब्ध गराउँछ।

### महिलालाई झनै गाह्रो



गोदावरी नगरपालिका-८ की राधा चौधरीको जीवन सिकलसेलले कष्टसाध्य बनाएको छ। उनका दाइ, दिदी र भाइ समेत यही समस्याबाट प्रभावित छन्।३५ वर्षीया राधाका अनुसार ९ वर्षअघि माइती गाउँ कञ्चनपुरको कृष्णपुर-६ मा छँदा सिकलसेल पोजिटिभ पुष्टि भएकी उनी गाउँकै पहिलो व्यक्ति हुन्। भन्छिन्, "त्यसै बेलादेखि हो, सेती अस्पतालले सिकलसेल बिरामीको तथ्यांक राख्न शुरू गरेको।"

२०७३ सालमा स्नातक तह पढ्दै गर्दा उनको विवाह पक्कापक्की भइसकेको थियो- आफ्नै प्रेमी राजेश चौधरीसँग। तर, बिहे हुनुअघि उनी बिरामी परिन्। बिरामीको कारण सिकलसेल भन्ने थाहा पाएका केटा पक्षले उनलाई भित्र्याउन मानेनन्। त्यसको तीन वर्षपछि २०७६ सालमा मात्रै राधाको सम्भावित उपचार खर्च माइतीले नै व्यहोर्ने शर्तमा विवाह भयो।२०७९ सालमा राधा गर्भवती भइन्। पिसाबबाट रगत आउने समस्या देखिएपछि उनी धेरै अस्पतालहरूमा पुगिन्। अन्त्यमा सिकिस्त भइसकेपछि काठमाडौंको ब्लड हस्पिटलमा भर्ना भइन्।

"१२ दिनसम्म आईसीयूमा बस्नु पर्‍यो" उनी भन्छिन्, "१७ पिन्ट रगत चढाउनु परेको थियो।" चिकित्सकको सुझाव अनुसार उनी सुत्केरी हुँदासम्म काठमाडौंमै बसिन्। सिकलसेलले गर्दा बेलाबेला राधाको फियो सुन्निन्छ। उनी भन्छिन्, "दुखाइको सीमा नै हुँदैन। सास फेर्न, उठ्न-बस्न पनि गाह्रो हुन्छ। "बारम्बार सुन्निएर असाध्यै दुःख दिने फियो शल्यक्रिया गरेर निकाल्न चिकित्सकले सुझाव दिएका छन्। उसो त उनलाई बोनम्यारो प्रत्यारोपण गरेपछि यो रोग धेरै हदसम्म नियन्त्रण गर्न सकिने पनि थाहा छ। तर, त्यसका लागि लाग्ने ५ देखि ७ लाख रुपैयाँ खर्च राधाको हैसियतभन्दा निकै परको कुरा हो।

कञ्चनपुरकी १७ वर्षीया सम्झना चौधरीको शरीर सिकलसेलले थिलोथिलो पारेको छ। एक वर्षअघि उनी बिरामी परेर अस्पताल पुग्दा शरीरमा रगतको मात्रा निकै कम भइसकेको थियो। सेती प्रादेशिक अस्पतालमा परीक्षण गर्दा थाहा भयो, उनलाई सिकलसेल भएको रहेछ। "उपचारमा धेरै पैसा खर्च भइसक्यो, नियमित औषधि खाइरहेकी छु" उनी भन्छिन्, "तर, पनि बेलाबेला हुने पीडाले अब जीवन सकिन्छ जस्तो लाग्छ !"

कैलारी-८ की ३५ वर्षीया संगीता चौधरी बिरामी पर्दा अस्पतालमा कुरिदिने मान्छे समेत हुँदैनन्। सिकलसेल भएकी उनका हात-खुट्टाको जोर्नी कमजोर भएर राम्रोसँग हिंडडुल गर्ने अवस्था छैन। मासिक औसतमा ४ पिन्ट रगत चढाइरहेकी उनको आर्थिक अवस्था कमजोर हुँदा उपचार राम्रोसँग भएको छैन।

उपचारका लागि खर्च जुटाउने, बिरामी पर्दा कुरुवा बस्ने जस्तो सहयोग माइतीले नै गर्दै आएका छन्। नौ वर्षको अवधिमा ७ लाख रुपैयाँ खर्च भइसकेको उनी बताउँछिन्। भन्छिन्, "यो रोग पत्ता लागेपछि छरछिमेकले समेत हेलाँ गर्छन्।"

चेतना कम भएको समुदायमा सिकलसेलका बिरामीलाई हेर्ने दृष्टिकोण फरक छ। यही कारण युवा-युवतीको विवाह रोकिन्छ। विवाह भइहाल्यो भने पनि हेलाँहोचो र मातृत्वमा प्रश्न उठाइन्छ।संगीताको दुई वर्षीय बच्चालाई पनि सिकलसेल पोजिटिभ छ। तर, परिवार र समाजबाट तिरस्कृत हुने डरले यो कुरा अरूलाई सुनाएकी छैनन्। भन्छिन्, "गाउँमा सिकलसेल रोगबारे गलत जानकारी छ। यस्ता बिरामीलाई गाउँमै बस्न दिनुहुन्न भन्छन्। छुवाछूत गर्न थाल्छन्।"

राधा चौधरीको साथीलाई पनि सिकलसेल देखियो। यसैकारण स्नातकसम्म सँगै पढेको साथीसँग तय भएको विवाह टुट्यो। अहिले ती बिरामी काठमाडौंमा उपचाररत छन्।राधा भन्छिन्, "सिकलसेलले जीवनमा ठूलो निराशा ल्याउँछ। स्वस्थ मानिस बराबर हामी सक्रिय हुन सक्दैनौं, तर परिवार र समाजले उत्तिकै काम गर्न दबाब दिन्छ। समाजमा यसै पनि हेपाइमा परेका महिला यो रोग लागेपछि त झन् धेरै उत्पीडनमा बाँच्नुपर्छ।"

अनुसन्धानकर्ता यूजिन कुश्मी सिकलसेलले महिला र पुरुषमा एकै खालको प्रभाव पार्ने भए पनि महिलालाई गर्भवती र सुत्केरी हुँदा विशेष स्याहार र उपचार चाहिने बताउँछन्।

महिलामाथि हुने कामको बोझ, लुगाधुने, भाँडा माझ्ने जस्ता घरेलु कामदेखि कृषि क्षेत्रमा काम गर्ने महिला पानीको सम्पर्कमा रहने हुँदा त्यसले पनि उनीहरूलाई बढी दुःख दिन्छ।स्नातकोत्तर तहको थेसिस यही विषयमा गरेका यूजिन सिकलसेल प्रभावित केही बिरामीले पारिवारिक तथा सामाजिक विभेद सहन नसकेर आत्महत्या समेत गरेको दाबी गर्छन्।चिकित्सक विशेष पौडेल सिकलसेलले महिला र पुरुषमा बेग्लै प्रभाव नपारे पनि गर्भवती र सुत्केरी हुँदा महिलाको अवस्था अनुसार विशेष उपचार आवश्यक पर्ने बताउँछन्।

### सरकारको बेवास्ता

देशमा संघीयता लागू भएपछि सुदूरपश्चिम प्रदेश सरकारले स्वास्थ्य उपचार आर्थिक सहायता निर्देशिका २०७७ (पहिलो संशोधन) को २ (ग) मा कडा रोग भन्नाले मुटु, मिर्गौला, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर्स, स्पाइनल इन्जुरी, हेड इन्जुरी र सिकलसेल एनिमिया रोगलाई सम्झिनुपर्छ भन्ने उल्लेख गर्‍यो।

उक्त निर्देशिकालाई टेकेर गोदावरी नगरपालिकाकी राधा चौधरीले २०७८ सालमा मन्त्रालयबाट रु.५० हजार उपचार खर्च पाइन्। उनका अनुसार त्यतिबेला सिकलसेलका बिरामीले १० हजारदेखि १ लाख रुपैयाँसम्म उपचार खर्च पाएका थिए। तर २०७९ मा भने प्रदेश सरकारले सिकलसेल बिरामीलाई उपचार खर्च दिएन।

प्रदेश सरकारको उपचार आर्थिक सुविधा सम्बन्धी कार्यविधि २०८० मा विपन्न बिरामीलाई कडा रोगको उपचार र आपत्कालीन खर्च सुविधा प्रदान गर्न कार्यविधि बनायो। यो कार्यविधि २०८० को २ (ग) मा कडा रोग भन्नाले क्यान्सर, मिर्गौला प्रत्यारोपण, कलेजो प्रत्यारोपण, बोनम्यारो प्रत्यारोपण, मुटुको शल्यक्रिया, स्पाइनल सर्जरी, मस्तिष्कघात, प्यारालाइसिस तथा नसा सम्बन्धी रोगको सर्जरी उल्लेख छ। सिकलसेल कतै पनि उल्लेख छैन।

सिकलसेल रोग विरुद्धका अभियन्ता पीताम्बर चौधरीका अनुसार सुदूरपश्चिम प्रदेश सरकारले सिकलसेल रोगका नाममा करोडौं खर्च गरिरहेको छ। तर बिरामी लक्षित कार्यक्रम कुनै छैन। "सरकारले गोष्ठी, सम्मेलन र बिरामीको पहिचानका लागि बजेट खर्च गरिरहँदा वास्तविक बिरामी भने उपचार नपाएर छट्पटाइरहेका छन्।"

सुदूरपश्चिम प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले हालसम्म सिकलसेल रोग व्यवस्थापनका लागि रु.४ करोड पचास लाख खर्च गरे पनि कुन कुन शीर्षक अन्तर्गत खर्च भयो भन्ने अभिलेख नराखिएको जनाएको छ।

निजामती अस्पताल, काठमाडौंमा सेवारत रक्त रोग विशेषज्ञ प्रा.डा. विशेष पौडेल भन्छन्, "अहिले पनि औसतमा दैनिक १० जना सिकलसेलका बिरामी सिभिल अस्पतालमा आइरहेका छन्। सरकारले यो रोगका बिरामी धेरै रहेका ठाउँमा उपचारको विशेष व्यवस्था मिलाएको भने पनि आर्थिक अवस्था कमजोर रहेका बिरामीहरू सिकिस्त अवस्थामा काठमाडौं आइपुग्नुपर्ने बाध्यता अझै विद्यमान छ।"

उनका अनुसार बिरामीको अवस्था निर्क्योल नगरी शरीरमा रगत कम छ भन्दै थप रगत दिन थालेपछि समस्या झन् बल्झिन सक्छ। सिकलसेलका बिरामीलाई कुन बेला, कस्तो रगत, कति मात्रामा कसरी चढाउनेबारे राम्रो हेक्का राख्न सक्नुपर्छ। बिरामीको शरीरका अन्य अंगहरू प्रभावित छन् भने त्यसको उपचारमा पनि विशेष विधि अपनाउनुपर्छ।

सरकारले चाहेमा सिकलसेल प्रभावित क्षेत्रका अस्पतालहरूमा यो रोग सम्बन्धी राम्रो जानकारी राख्ने रक्तरोग विशेषज्ञहरू र यसै विषयमा डीएम गरिरहेका रेजिडेन्ट डाक्टरहरू पालैपालो पठाउन सकिने उनी बताउँछन्।

मानव शरीरमा भएका दुई थरी हेमोग्लोबिनमध्ये एउटा हँसिया आकारको र अर्को स्वाभाविक आकारमै छ भने त्यसलाई सिकलसेल ट्रेट भनिन्छ। दुवै हेमोग्लोबिन हँसिया आकारका छन् भने त्यसलाई सिकलसेल डिजिज भनिन्छ।

सिकलसेल ट्रेट भएका विवाहित जोडीका सन्तानमा सिकलसेल रोग हुने सम्भावना २५ प्रतिशत हुन्छ भने सिकलसेल डिजिज भएका दम्पतीका सन्तानमा यो रोग लाग्ने सम्भावना शतप्रतिशत नै हुन्छ। त्यसैकारण सिकलसेल भएका महिला र पुरुष दम्पतीले सन्तान जन्माउन उपयुक्त नहुने चिकित्सकहरूको सल्लाह छ। डा. पौडेल भन्छन्, "कसले कोसँग विवाह गर्ने वा कस्तो जोडीले सन्तान जन्माउने कसले नजन्माउने कुरा अरूको सरोकारको विषय नहोला तर, हाम्रो जस्तो भद्रगोल स्वास्थ्य सेवा र अधिकांश सिकलसेल प्रभावितहरूको आर्थिक अवस्था हेर्दा त्यस्तो सल्लाह जायज नै हुन्छ।"खोजकेन्द्र

# के एसइईमा विद्यार्थी मात्र फेल भएका हुन ?

**विजयमणि पौडेल**

यस वर्ष पनि एसइईको नतिजा आयो। ५२.१४ प्रतिशत विद्यार्थीहरू कक्षा ११ पढ्न नपाउने भए।

कैयौं वर्षदेखि विभिन्न स्वरूपमा यो क्रम जारी छ।नेपाल सरकारले शिक्षाको उद्देश्य तोकेको छ, त्यस अनुसार पाठ्यक्रम बनेको छ। पाठ्यक्रमलाई विद्यार्थीमाझ पुऱ्याउन सार्वजनिक विद्यालयमा सरकारकै संरचनाबाट नियुक्त शिक्षकहरू छन्। सम्पूर्ण शैक्षिक व्यवस्थापनका लागि विभिन्न निकाय र कर्मचारीहरू छन्। शिक्षाको परिकल्पनादेखि पाठ्यक्रम र मूल्यांकनसम्म नेपाल सरकार शिक्षा मन्त्रालय अन्तर्गतको प्रणाली जिम्मेवार छ।

तर हरेक वर्ष एसइईको नतिजामा बालबालिकाले मात्र 'असफलता' को प्रमाणपत्र पाउँछन्।के बालबालिका मात्र फेल भएका हुन्? शिक्षा मन्त्रीदेखि शिक्षकसम्मको समग्र प्रणाली फेल भएको होइन र?यसरबारे हामीले निर्मम भएर समीक्षा गर्ने समय आएको छ।

### किन फेल हुन्छन् बालबालिका?

खोज्दै जाँदा विभिन्न कारण हुन सक्छन् – आफूले नपढेर, शिक्षकले नपढाएर, शिक्षकलाई पढाउने सही तरिका थाहा नभएर, बालबालिकाको पढाइमा रूचि नै नभएर, परीक्षाको दिन शारीरिक वा मानसिक स्वास्थ्य ठीक नभएर, आदि।

हाम्रो मूल्यांकनको मुख्य हिस्सा लिखित परीक्षाको प्रश्नपत्र हेर्दा विभिन्न तहका प्रश्न देखिन्छन् – परिभाषा लेख्ने, कारण र प्रक्रिया लेख्ने, समाधान लेख्ने, विश्लेषण र संश्लेषण गर्ने, निबन्ध लेख्ने, हिसाब गर्ने, शाब्दिक र गणितीय समस्या समाधान गर्ने, आदि। एसइईको नतिजाले देखाएको छ – आधाभन्दा बढी बालबालिकाले माथिका विभिन्न सीपमा संघर्ष गरेका छन्। समस्याको समाधान दिन सकेका छैनन्।उत्कृष्ट अंक ल्याउने कुरा छाडौं, पास हुने न्यूनतम अंक ३५ पनि पाउन सकेका छैनन्।

यसको अर्थ, उनीहरूलाई विभिन्न कठिनाइ भएको आकलन गर्न सकिन्छ – अवधारणा बुझ्न, बुझेको कुरा लेख्न, प्रश्न बुझ्न र सोही अनुसारको जबाफ लेख्न, आदि।हाम्रो विद्यालय र त्योभन्दा माथिल्लो प्रणाली यही आधारभूत कुरामा असफल भएको छ – विद्यार्थीलाई सिकाउन।

स्कुल पुगेर शिक्षकहरूलाई सोध्दा विद्यार्थी असफल हुने विभिन्न कारण सुनिन्छ – आजकालका विद्यार्थीको पढाइमा ध्यान नै छैन। सामाजिक सञ्जालमा बढी समय बिताउँछन्। शिक्षकलाई आदर गर्दैनन्। होमवर्क गर्दैनन्। प्राथमिक तहका शिक्षकले राम्रोसँग पढाएका छैनन्। घरमा अभिभावकले ध्यान नै दिँदैनन्।विद्यार्थीहरूसँग कुरा गर्दा पनि विभिन्न कारण सुनिन्छ – कतिपय शिक्षकले पढाएको बुझिँदैन, शिक्षकले किताब हेरेर मात्र पढाउँछन्। पढ्न मन लाग्दैन। पढ्न आउँदैन। पढेर के काम! पढाउनभन्दा कमाउन सजिलो।

जनप्रतिनिधि र शिक्षासँग सम्बन्धित कर्मचारीले भने शिक्षकमाथि आरोप लाएको देखिन्छ। अनि यही अलमल र धरमरमा हामी धेरै वर्षदेखि रूमल्लिरहेका छौं। कोही आफ्नो जिम्मेवारी लिन तयार छैनौं। हाम्रो अप्रभावकारिता, अक्षमता र अकर्मण्यताले विद्यार्थीहरू फेल भइरहेका छन्। हामी भने विद्यार्थीहरूलाई प्रमाणपत्रमा नन-ग्रेड (एनजी) को छाप ठोकिदिएर भनिरहेका छौं – तिमीहरू फेल भयौ!

**एसइईको नतिजाले देखाएको छ** – हामी सिकाइको चरम संकटमा छौं। १०-१२ वर्ष स्कुलमा राखेर वर्णमालादेखि अंक सिकाउने हामी, भाषा र गणितीय प्रक्रिया सिकाउने हामी, बाल विकासदेखि कक्षा ९ सम्म खुरूखुरू पास गराउँदै लैजाने हामी। त्यसरी सिक्दै गएका लाखौं विद्यार्थीले केही विषयमा ३५ अंक पनि ल्याउन सकेका छैनन्। अनि त्यसको फल भोग्नुपर्ने चाहिँ ती विद्यार्थी र उनीहरूका अभिभावकले। कस्तो बिडम्बना!



**अर्को दुःखद कुरा** – वर्षौंदेखि सिकाइको संकट यस्तो हुँदा पनि सरकारको नेतृत्व गर्नेहरूले यसलाई नजरअन्दाज गरेका छन्। शिक्षा बलियो भयो भने देश बन्छ भन्ने सायद कसैलाई विश्वास छैन। भन्दा तीतो सुनिएला, तर शिक्षकलाई राजनीतिक नेतृत्वले बालबालिकालाई सिकाउने उत्प्रेरकका रूपमा भन्दा पनि आफ्नो राजनीतिक दलको कार्यकर्ताको रूपमा लिएको प्रतीत हुन्छ।

**हामीसँग उदाहरण छन्** – शिक्षक र प्रधानाध्यापकले चाहेमा गर्न सक्छन्। बालबालिकालाई उत्कृष्ट सिकाइको वातावरण तयार गर्न सक्छन्।असल, मेहनती र इमानदार शिक्षकप्रति सम्मान छ। त्यस्ता शिक्षकका विद्यार्थीहरूले उत्कृष्ट नतिजा पनि ल्याएका छन्।

तर शिक्षा मन्त्रालयदेखि विद्यालयको संयन्त्रसम्म अधिकांश सरोकारवाला हेर्दा हामी जागिर मात्र खाइरहेका छौं जस्तो लाग्छ। केही अपवादहरू पक्कै छन्, तर अधिकांशलाई हेर्दा समस्याको समाधान गर्ने इच्छाशक्ति हामीमा नभएको जस्तो लाग्छ। हामीलाई मतलब पनि छैन। हामी हाम्रा सार्वजनिक विद्यालयका लागि सपना देख्न पनि चाहँदैनौं। हाम्रा सन्तान कि विदेशमा होलान्, या कुनै निजी स्कुलमा। हामीलाई लाग्दो हो – जे छ ठीकै छ, मेरो जीवन गजबसँग चलेको छ, कुनै दिन पेन्सन पाकिहाल्छ, त्यसपछि पनि 'शिक्षाविद्' भएर मिडियामा लेखौंला, बोलौंला!

**राजनीतिक नेतृत्वलाई पनि लाग्दो हो** – मन्त्री वा सांसद भएर, मेयर वा उपमेयर भएर प्रोफाइल बढिहाल्यो। अर्कोपटक माथिल्लो ओहोदामा पुगिएला!तर यही सपना-विहीनता र अल्छ्याइँमा हाम देश बिगारिरहेका छौं। हामीभन्दा पछिल्लो पुस्तालाई नैराश्य दिइरहेका छौं। 'असफल' बनाइरहेका छौं। देशमा केही छैन भन्दै विदेशमा सपना देख्न बाध्य बनाइरहेका छौं।

शिक्षालाई यस्तो अवस्थामा ल्याइपुऱ्याउने हामी सबै अपराधी हौं। कानुनतः अपराध नगरे पनि हामीले बालबालिकाको सपना मार्ने अपराध गरेका छौं। तिम्रो क्षमता यति हो भन्दै उनीहरूको उडान सीमित गरेका छौं। तिम्रो देशको शिक्षाको ताल यही हो, जाऊ विदेशमा गएर सपना देख भन्दै उनीहरूलाई निरीह महसुस गराउने हामी हौं।सायद कसैलाई बालबालिकाको मतलब छैन। किनकि, उनीहरू साना छन्, अबोध छन्, निर्दोष छन्। भोट दिने बेला भएको छैन। अधिकारका लागि चिच्याउँदैनन्।

सम्पूर्ण शिक्षा प्रणालीले बालबालिकालाई कस्तो व्यवहार गरिरहेको छ भनेर बुझ्न एउटा दृश्य हेरे काफी हुन्छ।विद्यार्थीहरूको उपलब्धिको उत्सव मनाउने वार्षिक कार्यक्रममा चिटिक्क सजिएका सोफामा अतिथिहरू माला र खादा लाएर गजधुम्म परेर बसेका हुन्छन्। कतिपय स्कुलमा त त्यो स्टेज पनि विद्यार्थीले नै बनाएका हुन्छन्। जसका लागि कार्यक्रम आयोजना गरिएको हो, उनीहरू भने तातो घाम वा झरीमा, चौरमा उभिएका हुन्छन्। तिनै विद्यार्थीका नाममा अतिथिहरूले सम्मान र सुविधा पाएका हुन्छन्।

हाम्रो समग्र शिक्षा प्रणाली उस्तै छ। विद्यार्थीका लागि काम गर्ने भनेर मानिसहरूले पद पाउँछन्, सुविधा पाउँछन्, सम्मान पाउँछन्। तर तिनै विद्यार्थी उपेक्षित छन्। विद्यार्थीका नाममा हाम्रो देशमा सरकारको, गैरसरकारी संस्थाको, अभिभावकको कति खर्च भयो, लेखाजोखा छैन। तर आजको दिनसम्म शैक्षिक अवस्था उँभो लाग्ने संकेत कतै छैन।

आजको शिक्षा काम लाग्ने भएन भन्ने बहस पनि सुनिन्छ।हो, शिक्षामा बदलाव आवश्यक छ। शिक्षामा सीप, दैनिक जीवन, समाज जोडिनुपर्छ भन्ने तर्क जायज छ। तर आजको जुन प्रणाली छ, त्यसमा हामीले कति इमानदार भएर प्रयत्न गरिरहेका छौं त, त्यो पनि अहम प्रश्न हो।

यस्तै अल्छी हुने, मतलब नगर्ने र जागिर मात्र खाने हो भने जुन सुकै प्रणालीमा गए पनि केही हुनेवाला छैन।यस्तो अवस्थामा सबै नागरिक जागरूक हुने बेला आएको छ। शिक्षाबारे सबै सरोकारवालालाई सबैले झकझकाउने बेला आएको छ। शिक्षामा काम गरेनौ भने निर्वाचनमा बहिस्कार गर्छौं भन्ने बेला आएको छ। शिक्षामा काम गरेनौ भने आफ्ना जनप्रतिनिधिको विरोध गर्छौं भन्ने समय आएको छ।

पत्रकार, नागरिक समाज, उद्यमी र हरेक नागरिकले शिक्षाको जिम्मा पाएका हरेकलाई खबरदारी गरौं। प्रधानाध्यापकलाई सोधौं – नपढाउने शिक्षकलाई किन कारबाही गरेनौ? राजनीतिक दबाबले कारबाही गर्न नसकेको भए किन माथिल्लो निकायमा उजुरी गरेनौ? पढाउन नजान्ने शिक्षकलाई किन सिकाउने व्यवस्था गरेनौ? सिकाउँदा पनि पढाउन नसक्ने शिक्षकलाई पदमुक्त गराउन किन पहल गरेनौ?

**शिक्षकलाई सोधौं** – किन पढाएनौ? पढाउने सीप थिएन भने किन कसैबाट सिकेनौ? यति जिम्मेवारी लिने आँट नभएको भए किन जागिर छाडेनौ?कर्मचारीतन्त्रलाई सोधौं – आफ्नो क्षेत्राधिकारमा रहेको विद्यालयमा प्रभावकारी शिक्षण सिकाइ नहुँदा पनि किन चुपचाप बस्यौ? आफ्नो बलबुताले भ्याएको काम किन गरेनौ?

**जनप्रतिनिधिलाई सोधौं** – विभिन्न मुद्दामा संसद वा नगर-गाउँसभा अवरूद्ध गर्नेहरूले तराईको धेरै स्कुलमा एउटै कक्षामा सयभन्दा बढी विद्यार्थी बस्न बाध्य हुँदा किन नारा लाएनौ? स्वर चर्को गरेर संसद वा नगर-गाउँसभामा किन चिच्याएनौ? शिक्षा सम्बन्धी मुद्दामा किन बोल्न हिचकिचायौ?

**सबै जीवित शिक्षा मन्त्रीहरूलाई सोधौं** – आजको अवस्था देख्दा ग्लानी महसुस हुँदैन? किन यस्तो प्रणाली डिजाइन गऱ्यौ? समस्या थाहा पाउँदा पनि समाधानका लागि किन पहल गरेनौ? आफूले नसक्ने भए किन पद छाडेनौ? पढाएको विद्यार्थी हरेक वर्ष फेल भए पनि मस्त जागिर खान दिने सुविधा किन दियौ? शिक्षामा किन सपना देखेनौ?

**सबै जीवित प्रधानमन्त्रीहरूलाई सोधौं** – समस्या देख्दा देख्दै पनि किन समाधान निकालेनौं? काम गर्न नसक्ने शिक्षा मन्त्रीलाई किन नियुक्ति दियौ? शिक्षा यति ध्वस्त हुँदा पनि किन टुलुटुलु हेरेर बस्यौ? यतिका वर्ष बित्दा आधुनिक समयको मुद्दामा केन्द्रित शिक्षा ऐन किन ल्याउन सकेनौ? नपढाउने शिक्षकलाई राजनीतिक आड किन दियौ?सेतोपाटी

# ‘बिर्सिएको वर्ग संघर्ष’ ले सम्झाएको समाजवाद

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का केन्द्रीय सदस्य तथा केन्द्रीय प्रचार विभाग उपप्रमुख दामोदर अर्यालले पार्टीको दसौँ राष्ट्रिय महाधिवेशनको अवसर पारेर ‘बिर्सिएको वर्ग संघर्ष’ नामक राजनीतिक-सैद्धान्तिक-वैचारिक कृति प्रकाशनमा ल्याउनुभएको छ। समय समयमा राजनीतिक विषयमा कलम चलाउँदै आउनुभएका पार्टीका युवा नेता वामपन्थ, समाजवाद, साम्यवाद आदि विषयमा दखल पनि राख्नुहुन्छ।

कृतिमा कम्युनिस्ट सरकार, सत्ता र समाजवाद, आमसञ्चार, सूचना प्रविधि, पुँजीवाद, विद्यार्थी आन्दोलन, नेपाली समाजवादी आन्दोलनका केही सैद्धान्तिक आधार, समाजवाद निर्माणमा वैज्ञानिक चेतना र संस्कृति, संस्कृति निर्माणमा बरालिएको वाम आन्दोलन, पहिलेका र अहिलेका कम्युनिस्टहरूको तुलनात्मक चरित्र र व्यवहार, नेपाली कम्युनिस्ट आन्दोलनको अर्को प्रमुख घुम्तीका रूपमा रहेको एकीकृत समाजवादीको पछिल्लो दस्तावेज जस्ता १२ अध्याय तथा पार्टी अध्यक्ष माधवकुमार नेपाल, सम्मानित नेता झलनाथ खनाल र महासचिव घनश्याम भुसालका भूमिका छन्।

बर्दिया, बढैयाताल- ६ निवासी अर्याल रत्नराज्य क्याम्पस, भृकुटीमण्डप, काठमाडौँका स्ववियु सभापति, युवा सङ्घ, नेपालका केन्द्रीय सदस्य, नेकपा (एमाले) तत्कालीन भेरी अञ्चल कमिटी सदस्य तथा युवा विद्यार्थी इन्चार्ज एवं केन्द्रीय युवा तथा खेलकुद विभाग सचिवका भूमिकामा पनि रहिसक्नुभएको छ।

वामपन्थी दलका नेता तथा कार्यकर्ता नेतृत्वमा को रहने र कति समयसम्म रहने, प्रौढहरूले नै जीवन रहेसम्म पदमा रहने वा समय आएपछि नेतृत्व हस्तान्तरण गर्ने, नेतृत्व हस्तान्तरणका लागि तन्नेरी पुस्ता पनि सक्षम र सम्हाल्न सक्ने योग्यतामा पुग्नुपर्ने, जनताको बहुदलीय जनवाद वा एक्काइसौँ शताब्दीको जनवाद नौलो जनवाद वा जनतन्त्र वा समाजवादी सिद्धान्त-कार्यदिशा र कार्यक्रम कुन अपनाउने भन्ने बहस र छलफल चलिरहेका बखत युवा नेता अर्याल भने युवा -विद्यार्थी पुस्ता र वर्ग समाजवाद-साम्यवादको सिद्धान्तले पोख्त हुनुपर्ने विचार राखी प्राज्ञिक -सैद्धान्तिक बहसका लागि महाधिवेशनका मुखैमा कृति प्रकाशन गरेर महाधिवेशन प्रतिनिधि तथा नेता-कार्यकर्ताको ध्यान खिच्नतर्फ लाग्नुभयो।

वास्तविक समाजवादी बनी मुलुकमा समाजवाद ल्याउन हरेक क्रान्तिकारी अझ आफूलाई कम्युनिस्ट अथवा समाजवादी भन्नेहरूले समाजवाद, पुँजीवाद, नौलो जनवाद, पुँजीवादी जनवादी क्रान्ति जस्ता शब्दावली र तिनले दिने गूढार्थबारे स्पष्ट हुनु जरुरी छ।

अर्यालले कृतिमा ७० वर्षसम्म समाजवादको सिद्धान्तबाट सञ्चालित सोभियत सत्ता कसरी ढल्यो र चीनमा अझै सात दशकसम्म कसरी समाजवाद टिकिरहेको छ भन्ने कुरामा वामपन्थीहरूले राम्रो अध्ययन गर्नुपर्नेमा जोड दिनुभएको छ। विसं २०७२ को ‘नेपालको संविधान’ मा नेपाल समाजवादोन्मुख भनी उल्लेख भए पनि मुलुक अहिले समाजवाद स्थापना गर्ने चरणमा नपुगिसकेको तथा हामी अहिले समाजवादोन्मुख पनि नरहेको स्पष्ट गर्दै यस तथ्यलाई बलियो गरी आत्मसात् नगरीकन नेपाली कम्युनिस्टहरू ठिक ठाउँमा नपुग्ने ठोकुवा पनि गर्नुभएको छ।

कम्तीमा नेपाललाई चाहिने आवश्यक सरसामान नेपालमै उत्पादन गर्ने र नेपाली वस्तुको प्रयोगमा जोड दिने अभियानको नेतृत्व कम्युनिस्टहरूले गर्न सक्नुपर्छ। अहिलेको नेपालका कम्युनिस्ट पार्टीहरू र उनीहरूको क्षमता र चेतना यसभन्दा बढी गर्न सक्ने पनि देखिँदैन।

यति मात्रै गर्न सके भने पनि समाजवादोन्मुख समाज निर्माण गर्ने अभियानमा उनीहरूको ठूलो योगदान हुन सक्छ। स्वाधीन अर्थतन्त्र निर्माण र यसका जगमा उभिएको चेतनाले निर्मित कम्युनिस्ट आन्दोलनले मात्र समाजवाद निर्माणको बाँकी कार्यभार पूरा गर्न सक्छ। लेखकले समाजवादका लागि पहिलो कामबारे कम्युनिस्ट नेतृत्व र सरकारको नेतृत्व गरिरहेको वाम सरकारको ध्यानाकर्षण गराउनुभएको छ।

विद्यमान आमसञ्चार र नयाँ सूचना प्रविधिले मानिसका दिमागमा पुँजीवादीहरूले चाहेको नयाँ सूचना, नयाँ आविष्कार थोपरिदिएका अवस्थामा समाजवादीहरूले पनि आममान्छेलाई संस्थापनभन्दा फरक विचार प्रवाह गर्ने र पुरातन चेतनाबाट प्रगतिशील चेतनातर्फ अभिप्रेरित गर्ने प्रगतिशील प्रयत्न गर्नुपर्नेमा कृतिमा जोड दिइएको छ।

भ्रमित आमजनतालाई सही ढङ्गले सुसूचित गर्न समानान्तर सूचना प्रणालीमा जोड दिँदै जसको अपेक्षा केवल समाजवादीसँग नै गर्न सकिने लेखकको




विश्वास छ। “श्रमजीवी पत्रकारले आफ्नो वर्ग दृष्टिकोणअनुरूप यहाँ (सञ्चारगृहमा) सङ्घर्ष गर्न जरुरी हुन्छ। त्यस्तो प्रकारको सङ्घर्ष सेवा सुविधामा मात्र केन्द्रित होइन, समाचार र विचारको विषयवस्तु प्रसारणमा समेत देखिनुपर्छ”, लेखकले आम पत्रकारको ध्यानाकर्षण गराउनुभएको छ।

**लेखकले ‘विद्यार्थी आन्दोलन:** विगतको सिकाइ र आजको तयारी’ शीर्षक अध्यायमा नेपाली विद्यार्थीले ‘जयतु संस्कृतम्’ अभियानमार्फत नै राणाशासनविरुद्ध सङ्घर्ष गरेको उल्लेख गर्दै विसं २०३६, २०४६, २०६२/६३ का आन्दोलनमा नेतृत्वदायी र सहायक भूमिका निर्वाह गरेको तथा विद्यार्थी आन्दोलनबाट नै धेरै राजनीतिक नेताहरू उदाई राष्ट्रिय राजनीतिमा पकड राखेकाले राजनीतिमा संलग्न भई समाजवादी आन्दोलनमा खासगरी वामपन्थी विद्यार्थीलाई अझ धेरै त्याग र बलिदान गर्न आग्रह गर्नुभएको छ। “त्यसका लागि विद्यार्थीले विचारधारात्मक सङ्घर्षदेखि आन्दोलनको निरन्तरतासम्मको अभिभारा बोक्नुपर्ने हुन्छ”, उहाँको सुझाव छ।

एकीकृत समाजवादीका युवा नेता अर्यालले हामीले विरासतमा पाएको संस्कृति र हाल विकसित हुँदै गरेका संस्कृतिका विभिन्न पक्षलाई विज्ञानका कसीमा दाँज्दै त्याग गर्नुपर्ने र विकसित गर्नुपर्ने तथ्यलाई छुट्याउँदै समाजवादी संस्कृति निर्माण गर्नुपर्ने र धर्म-अध्यात्म, यज्ञ-पुराणमा जकडिएको वाम आन्दोलनबाट मुक्त हुन आग्रह गर्नुभएको छ। पुँजीवादी राजनीतिक व्यवस्था र उत्पादन पद्धति कायम राखेर नेपाली सुखी र मुलुक समृद्ध नहुने स्पष्ट गर्दै समाजवाद निर्माणको जोखिम उठाउन सत्ता र सरकारमा नअल्झिएर वर्गसङ्घर्षमा नै जोड दिनुभएको छ। “सत्तासङ्घर्ष होइन, वर्गसङ्घर्षमा जोड दिनुपर्छ। त्यस्तो प्रकारको वर्ग सङ्घर्ष सडक, सदन र सरकारमा देखिने गरी सञ्चालन गरिनुपर्छ। ... अन्यथा हामी विस्तारै बुर्जुवा राजनीतिमा पतन हुनेमा कुनै शङ्का छैन”, लेखकले स्पष्ट गर्नुभएको छ।

गणतन्त्रप्राप्तिपछि कम्युनिस्ट आन्दोलनमा देखा परेको दक्षिणपन्थी विर्सजनवाद, टुटफुट, विभाजन र आन्दोलनको बुर्जुवाकरणलाई एकीकृत समाजवादीको दसौँ राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गरिने दस्तावेज र खासगरी समाजवादी कार्यदिशाले तोड्ने विश्वास गर्दै अर्यालले चालु महाधिवेशन (असार १६-२०) नै नेपाली कम्युनिस्ट आन्दोलनको अर्को एउटा मोड साबित हुन सक्ने विश्वास गर्नुभएको छ।

प्रगतिशील संसद्वाद, पार्टीमा युवा प्रतिनिधित्वको व्यवस्था, आआफ्ना क्षेत्रभित्र पर्ने राजकीय पदहरू सम्बन्धित कमिटीले नै चयन गर्न पाउने नयाँ व्यवस्था, पार्टी बाहिर रहेर विभिन्न क्षेत्रमा योगदान गरेका, कुनै विषयवस्तुमा विशेषज्ञता हासिल गरेका र समाजवादी ध्येय बोकेका व्यक्तिलाई नेतृत्व तहमा लाने तथा तिनका ज्ञान र क्षमतालाई आन्दोलनका हितमा प्रयोग गर्ने बुँदा समेट्दै क्रान्तिको मुख्य ध्येय समाजवादी क्रान्ति नै भएको उल्लेख गरेर पार्टीलाई नयाँ स्पातिलो बनाउने दृढता व्यक्त गरिएको लेखकले जनाउनुभएको छ। एकीकृत समाजवादीको दस्तावेज सिङ्गो कम्युनिस्ट आन्दोलनको अर्को एउटा महान् मोड अर्थात् नयाँ घुम्ती साबित हुने उहाँको विश्वास छ।

एकीकृत समाजवादीको दस्तावेजमा सबै समाजवादी अटाउन सक्ने लेखकको विश्वास कत्तिको पूर्ण हुन्छ, त्यो त हेर्न बाँकै नै छ। समाजवादको सैद्धान्तिक कृतिमा विद्यार्थी आन्दोलनको वर्णन अहिले बढी नै भएको महसुस हुन्छ। कृतिले वामपन्थी जगत्, युवा र विद्यार्थीको भने ध्यानाकर्षण गर्ने विश्वास गर्न सकिन्छ।

कामपा-७, चाबहिल, काठमाडौँका सङ्गीता पाठक र निकिता श्रेष्ठद्वारा प्रकाशित प्रस्तुत कृतिमा सङ्गृहीत विचार पठनीय रहेको र यसले नेपाली कम्युनिस्ट आन्दोलनमा चासो राख्ने जोकोहीलाई पनि आकर्षण गर्न सक्ने विश्वास गर्न सकिन्छ। एक सय ३० पृष्ठ र रु १००। मूल्यको कृति निकै सस्तो पनि छ। रासस

> अर्यालले कृतिमा ७० वर्षसम्म समाजवादको सिद्धान्तबाट सञ्चालित सोभियत सत्ता कसरी ढल्यो र चीनमा अझै सात दशकसम्म कसरी समाजवाद टिकिरहेको छ भन्ने कुरामा वामपन्थीहरुले राम्रो अध्ययन गर्नुपर्नेमा जोड दिनुभएको छ।

# एकीकृत समाजवादीप्रति जनताको विश्वास बढेको छ : अध्यक्ष नेपाल



काठमाण्डु। नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले आफ्नो पार्टी संविधान र गणतन्त्रको रक्षाका लागि स्थापना भएकाले देशभरका जनतामा विश्वास बढेको बताउनुभएको छ।

दशौँ राष्ट्रिय महाधिवेशनलाई आइतबार सम्बोधन गर्दै उहाँले अहिले पनि लोकतन्त्र खतरामा रहेको बताउनुभयो। पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका अध्यक्ष नेपालले जनताको अधिकार स्थापित गर्न आत्मविश्वासका साथ पार्टीलाई जनतामा केन्द्रित गर्नुपर्नेमा जोड दिनुभयो।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले यस पार्टीले लोकतन्त्रको रक्षा तथा मुलुकको राष्ट्रिय राजनीतिमा महत्वपूर्ण भूमिका निर्वाह गरेको स्मरण गर्नुभयो। उहाँले उक्त पार्टीमा रहेका अनुभवी नेताहरुले आगामी दिनमा राष्ट्रिय राजनीतिमा सही दिशानिर्देश गर्नुपर्नेमा जोड दिनुभयो।

एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनालले जनवादी र समाजवादी क्रान्तिबारे जानकारी दिँदै राष्ट्रको विकास तथा सुशासनका लागि सबै दलहरुले एकआपसमा प्रतिस्पर्धा गर्नुपर्ने बताउनुभयो। राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले आमजनता र नेतृत्वका बीचमा मत फरक भएपछि समस्या आउने गरेको धारणा राख्दै दलहरु जनताप्रति जवाफदेही हुनुपर्ने विचार व्यक्त गर्नुभयो। रोजगारी वृद्धि गर्न, शिक्षा, सहकारीलगायतका राष्ट्रिय समस्या समाधानमा सबै दल एकजुट हुनुपर्ने उहाँको भनाइ थियो।

जनता समाजवादी पार्टीका अध्यक्ष अशोक राईले हजारौँ सहिदको बलिदानबाट प्राप्त अहिलेको व्यवस्थालाई कमजोर हुन नदिनुपर्ने बताउनुभयो। जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले लोकतन्त्रमाथि स्वेच्छाचारी, कमिसन, भ्रष्टाचार बढ्दै गएकाले त्यसको न्यूनीकरण गर्न संविधान संशोधन गर्नुपर्ने विचार व्यक्त गर्नुभयो।

जनमत पार्टीका अध्यक्ष सिके राउतले लोकतान्त्रिक आन्दोलनमा एकीकृत समाजवादीका नेताहरुको ठूलो योगदान रहेको बताउँदै समाजवादी आदर्श अवलम्बन गर्ने नेताहरुले सोहीअरूप आचरण सरल बताउनुपर्ने बताउनुभयो।

जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले लोकतान्त्रिक गणतन्त्रको रक्षाका लागि विशेष परिस्थितिमा गठित पार्टीले देश र जनताको सेवामा क्रियाशील रहन सुझाव दिनुभयो। नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रन्जिता श्रेष्ठले सम्पूर्ण राष्ट्रको विकास तथा जनताको समृद्धिका लागि पार्टीभित्र नयाँ वैचारिक दृष्टिकोण महाधिवेशनबाट पारित हुने विश्वास व्यक्त गर्नुभयो।

नेपाल कम्युनिष्ट पार्टीका महासचिव एवं समाजवादी मोर्चाका संयोजक नेत्रविक्रम चन्द ‘विप्लव’ले राष्ट्रिय स्वाधिनता बलियो बनाउन सबै दलहरुबीच सहमतिको खाँचो औँल्याउनुभयो। लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष सर्वेन्द्रनाथ शुक्लाले जनताको सामाजिक आर्थिक रुपान्तरणका लागि संविधान संशोधन आवश्यक रहेको बताउनुभयो।रासस

# संसद् कानुन बनाउने मात्र नभई राष्ट्र निर्माण गर्ने थलो हो : सभामुख

काठमाण्डु। प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले संसद् कानुन बनाउने मात्र नभई राष्ट्र निर्माण गर्ने थलो भएको बताउनुभएको छ। ६६औँ संसद् दिवसका अवसरमा पूर्वसांसद मञ्च नेपालको आयोजना तथा सङ्घीय संसद् सचिवालयको समन्वयमा आइतबार आयोजना गरेको कार्यक्रममा उहाँले संविधान कार्यान्वयन र कानुन कार्यान्वयनका विषयमा सरोकारवाला निकायसँग छलफल गर्नुपर्नेमा जोड दिनुभयो।



“कानुन बनाउने निकाय गम्भीर भएर सरोकारवालासँग बृहत् बहस र छलफल जरुरी छ”, सभामुख घिमिरेले भन्नुभयो। संसद्मा सरकारले ल्याएका विधेयकलाई छलफल गरेर पारित गर्ने परिपाटी भएको उल्लेख गर्दै उहाले आफैले अध्ययन गरेर कानुन बनाउने काम सांसदले गर्नसकेमा महत्त्वपूर्ण हुने बताउनुभयो।

पूर्वसांसद मञ्चले समय समयमा आफ्ना महत्त्वपूर्ण धारणा सार्वजनिक गर्दै आएको र त्यो राज्यका लागि हितकर भएको सभामुख घिमिरेको भनाइ थियो। पहिलो संसद्देखि अहिलेसम्म गरेका कामको महत्त्वपूर्ण सामग्रीको अभिलेखिकरण गर्ने काम गरिरहेको उहाँले जानकारी दिनुभयो।राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले नेपाली जनताको भावनाको प्रतिनिधित्व गर्ने स्थान संसद् नै भएकाले जनतासँग निर्वाचनमा गरेका वाचा पूरा गर्न सधैँ लाग्नुपर्नेमा जोड दिनुभयो।

“संविधान कार्यान्वयन महत्त्वपूर्ण पक्ष हो, त्यसको कार्यान्वयन कानुनबाट हुन्छ”, उहाँले भन्नुभयो, “कानुन बनाउने निकाय संसद् हो, सांसद पनि सधैँ त्यतिकै गम्भीर हुनुपर्छ।” सदनलाई गतिशील बनाउन सदा क्रियाशील हुनुपर्ने र त्यसका लागि सांसद र पूर्वसांसद दुवैको उत्तिकै योगदान रहने अध्यक्ष दाहालले बताउनुभयो।

उपसभामुख इन्दिरा रानाले सदनलाई प्रभावकारी बनाउन सांसद र पूर्वसांसद मिलेर विचारविमर्श गर्नुपर्ने तथा आवश्यक विज्ञ चाहिएमा पूर्वसांसदको ज्ञानको प्रयोग गर्नुपर्नेमा जोड दिनुभयो।राष्ट्रियसभाका उपाध्यक्ष विमला घिमिरेले संसद्लाई व्यवस्थित र मर्यादित बनाउन सांसदहरूको महत्त्वपूर्ण भूमिका हुने उल्लेख गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयन गर्दै जनताको समृद्धिमा ध्यान दिन जरुरी रहेको बताउनुभयो। उहाँले सङ्घीय संसद्ले बनाएका कानुन र व्यवस्थाको प्रभाव सातै प्रदेशसभामा पनि पर्ने स्पष्ट पार्नुभयो।

पूर्वसभामुख दमननाथ ढुङ्गानाले संसद्लाई प्रभावकारी बनाउन सबैभन्दा जिम्मेवारप्रधानमन्त्रीरप्रमुखप्रतिपक्ष बन्नुपर्नेमा जोड दिँदै संविधानको पालना गरेर संसद्लाई सशक्त बनाउनुपर्ने बताउनुभयो।पूर्वसभामुख अग्निप्रसाद सापकोटाले संविधान कार्यान्वयन गराउने प्रमुख भूमिका संसद्को भएकाले कानुन निर्माणदेखि जनताका सवालमा ध्यान दिनुपर्ने बताउनुभयो। पूर्वसभामुख तारानाथ रानाभाटले संसद्मा आएपछि जनप्रतिनिधि र जनताका विषयमा ध्यान दिनुपर्ने तथा संसदीय गतिविधि राम्रो बनाउन प्रधानमन्त्री र प्रतिपक्षी दल अझ सशक्त बन्नुपर्ने सुझाव दिनुभयो।

सङ्घीय संसद्का महासचिव पद्मप्रसाद पाण्डेको संसद्लाई व्यवस्थित र प्रभावकारी बनाउन पूर्वसांसद मञ्चको भूमिका महत्त्वपूर्ण भएको बताउनुभयो। सङ्घीय संसद्को स्थापना २०१६ असार १६ गते भएको थियो। सोही दिनको स्मरणमा दिवस मनाउन थालिएको हो। आजै विश्व संसद् दिवस पनि रहेको छ। मञ्चका अध्यक्ष ओमकारप्रसाद श्रेष्ठले राज्यलाई आवश्यकपर्ने सुझाव दिने तथा पूर्वसांसदको स्वास्थ्य उपचारमा ध्यान दिन आग्रह गर्नुभयो।रासस

## ‘संसद्लाई सत्ताको जोडघटाउ गर्ने स्थल नबनाऔँ’

काठमाण्डु। संसद्लाई सत्ताको जोडघटाउभन्दा माथि राखेर जनताका आवाज बुलन्द गर्ने र समृद्ध नेपाल निर्माणका लागि आवश्यक कानुन निर्माण गर्ने थलोका रूपमा विकास गर्नुपर्नेमा राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले जोड दिनुभएको छ।

संसद् दिवसका अवसरमा आइतबार जारी गर्नुभएको शुभकामना सन्देशमा अध्यक्ष दाहालले जनताका प्रतिनिधिहरूको सर्वोच्च थलो संसद्मा विविध विचार, दर्शन र राजनीतिक दलहरूको प्रतिनिधित्व रहने उल्लेख गर्दै हाल नेपालमा विभिन्न समयमा भएका सशक्त र सशस्त्र आन्दोलनका बलमा हामी गणतन्त्रात्मक सङ्घीय शासन प्रणालीको प्रक्रियामा रहेका बताउनुभएको छ।

सन्देशमा उहाँले संसद्को गरिमालाई उच्च बनाउन र विधिको शासनप्रति इमान्दार रहन हामी सबैले संसद् दिवसका अवसरमा सामूहिक प्रतिबद्धता व्यक्त गर्नुपर्नेमा जोड दिनुभएको छ। अध्यक्ष दाहालले जनतालाई वास्तविक लोकतन्त्रको अनुभूति गराउन र परिवर्तनको आभास दिलाउनसके मात्रै संसद् दिवस मनाउनुको सार्थकता हुने बताउनु भएको छ।

संसद् दिवसका अवसरमा सम्पूर्ण नेपाली दिदीबहिनी दाजुभाइमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको कामना गर्दै सन्देशमा उहाँले लोकतन्त्र प्राप्तिका लागि भएका विभिन्न ऐतिहासिक जनसङ्घर्ष, जनयुद्ध र जनआन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्नुभएका महान् सहिदहरूप्रति श्रद्धाञ्जलि व्यक्त गर्नुभएको छ। साथै सङ्घर्षका क्रममा बेपत्ता हुनुभएका तथा घाइते भई अपाङ्गता जीवन बिताइरहनुभएका सम्पूर्ण योद्धाहरूप्रति उहाँले सम्मान व्यक्त गर्नुभएको छ।रासस


## Invitation for Bids

**Government of Nepal**

**SankatMochan Dev Saran Ramrati Secondary School**

**Invitation for Bids No: NCB**

**Date of publication: 2081/03/17**

1. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of SankatMochan Devsaran Ramrati Secondary School, Dhanusha, Janakpurdham-4, Mahabir chowk, 041-590086, sankatmochanschooljanakpur@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.
2. A complete set of Bidding Documents may be purchased from the office [SankatMochan Devsaran Ramrati Secondary School, Dhanusha, Janakpurdham-4] and the office [SankatMochan Devsaran Ramrati Secondary School, Dhanusha, Janakpurdham-4,] by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of [RS.3000] till [2081/04/14]during office hours.

**Or**

Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

| NCB No. | Project name | Bid Document Fee | Bid Security Amount |
|---|---|---|---|
| SMDMV/NCB/01/2080-081 | Construction of academic building | Rs.3000/- | Rs.300000/- |
| SMDMV/NCB/02/2080-081 | Construction of second floor of administration building | Rs.3000/- | Rs.170000/- |

**Name of the Bank:-** RASTRIYA BANIJYA BANK
**Branch:** Bhanu Chowk,janakpur
**Name of Office:** Shree SankatMochan D.R.School
**Office Account no.:** 122000266301
**Rajaswa (revenue) Shirshak no. :** ..............................

3. Pre-bid meeting shall be held at SankatMochan Devsaran Ramrati Secondary School, Janakpurdham-4, Mahabir Chowk, Dhanusha, Nepal, at 2081/04/07 [22 july2024](Monday).
4. Sealed or electronic bids must be submitted to the office SankatMochan Devsaran Ramrati Secondary School, Janakpurdham-4, Mahabir Chowk, Dhanusha, Nepal by hand/courier or through PPMO website www.bolpatra.gov.np/egp on or before [12:00PM] on [2081/04/16]. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at [2:00 PM 2081/4/16] at the office of SankatMochan Devsaran Ramrati Secondary School, Janakpurdham-4, Mahabir Chowk, Dhanusha, Nepal. Bids must be valid for a period of 120 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amount as mentioned above, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

जनकपुर टुडे

२०८१ साल असार १७ गते सोमबार (1 July, Monday, 2024)

# इरानी राष्ट्रपतीय निर्वाचनमा पेजेस्कियान पहिलो

एएफपी

तेहरान । इरानमा सम्पन्न पहिलो चरणको राष्ट्रपतीय चुनावमा एक मात्र सुधारवादी उम्मेदवार मसूद पेजेस्कियानले कट्टरपन्थी सइद जलिलीको भन्दा करिब चार प्रतिशत बढी ल्याउन सफल हुनुभएको छ।

पहिलो चरणको निर्वाचन यही जुन २८ गते सम्पन्न भएको थियो ।निर्वाचन अधिकारीका अनुसार पेजेस्कियानले ४२.४ प्रतिशत मत प्राप्त गर्नुभएको छ भने पूर्व आणविक वार्ताकार जलिलीले ३८.६ प्रतिशत मत प्राप्त गर्नुभएको छ । यो राष्ट्रपतिको निर्काचनका लागि चाहिने आवश्यक बहुमतभन्दा कम हो।

त्यसैगरी, सभामुखबाट राष्ट्रपतीय निर्वाचनमा उम्मेदवारी दिनुभएका मोहम्मद बघेर गालिबाफले १३.८ प्रतिशत मत प्राप्त गर्नुभएको छ भने अर्का उम्मेदवार मुस्तफा पौरमोहम्मदीले एक प्रतिशतभन्दा कम मत प्राप्त गर्नुभएको छ

। इरानी संविधान अनुसार राष्ट्रपतिका लागि कुनै पनि उम्मेदवारले बहुमत (५० प्रतिशत वा योभन्दा बढी) मत प्राप्त नगरेपछि दोस्रो चरणको निर्वाचनहुने भएको छ।



शनिबार पहिलो चरणको निर्वाचन परिणाम घोषणा गर्दै निर्वाचन आयोगका प्रवक्ता मोहसेन इस्लामीले भन्नुभयो, "पहिलो चरणको निर्वाचनबाट कुनै पनि उम्मेदवारले पूर्ण बहुमत प्राप्त गर्न नगरेको र दोस्रो चरणको निर्वाचनपूर्व निर्धारित कार्यक्रम अनुसार जुलाई ५ मा हुनेछ।" चुनावपछिको आफ्नो पहिलो टिप्पणीमा पेजेस्कियानले आफ्ना समर्थकलाई धन्यवाद दिँदै आगामी शुक्रबार फेरि मतदान गरी देशलाई गरिबी, भ्रूट, भेदभाव र अन्यायबाट बचाउन आग्रह गर्नुभएको छ। सुधारवादी समूह निकट मानिने पत्रिका इटेमादको वेबसाइटमा प्रशारित एक भिडियोमा उहाँले भन्नुभयो, "तपाईंको उपस्थितिले मनोवृत्ति, व्यवहार, वार्तालाप र स्रोतहरूको वितरण र बाँडफाँडमा परिवर्तनको लागि नयाँ आवाजको आधार बन्नेछ भन्ने मलाई पूर्ण आशा छ।"

> इरानका सर्वोच्च नेता अयातुल्लाह अली खामेनीले शुक्रबार हुने मतदानमा उच्च सहभागिताका लागि आह्वान गर्नुभएको छ । निर्बाचनमा छ करोड १० लाख मतदातामध्ये ४० प्रतिशतभन्दा केही बढीले मात्र भाग लिएका थिए ।

इरानका सर्वोच्च नेता अयातुल्लाह अली खामेनीले शुक्रबार हुने मतदानमा उच्च सहभागिताका लागि आह्वान गर्नुभएको छ ।निर्बाचनमा छ करोड १० लाख मतदातामध्ये ४० प्रतिशतभन्दा केही बढीले मात्र भाग लिएका थिए । इस्लामिक गणतन्त्र इरानका लागि यो इतिहासमा नै सबैभन्दा कम मतदान प्रतिशत थियो। मतदानमा १० लाखभन्दा बढी मत बदर भएका छन् ।यो निर्वाचन सन् २०२५ मा हुने तय भएको थियो तर गत महिना हेलिकप्टर दुर्घटनामा राष्ट्रपति इब्राहिम राइसीको निधन भएपछि यो निर्वाचन अघि सारिएको थियो।

# उत्तरी गाजामा तेस्रो दिन पनि भिडन्त, हजारौं विस्थापित

एएफपी

गाजा। इजरायली सैन्य अभियानको तेस्रो दिन उत्तरी गाजामा विस्फोट, हवाई आक्रमण र बन्दूकको गोलाबारीले दशौं हजार प्यालेस्टिनीलाई विस्थापित गरेको छ। संयुक्त राष्ट्रसङ्घले यस क्षेत्रमा 'असह्य' रहनसहनको अवस्थालाई जटिल बनाएको छ।

एएफपीका एक संवाददाताले गाजा शहर नजिकैको शुजैया क्षेत्रमा व्यापक हवाइ आक्रमण र विस्फोट भएको बताए।

एक स्थानीयले सडकमा शवहरू देखिएको बताएका छन् ।हमास र प्यालेस्टाइनी लडाकू समूह इस्लामिक जिहाद दुवैका सशस्त्र शाखाले त्यहाँ इजरायली सेनाले जनाएको छ ।इजरायलले उत्तरमा हमास लडाकूको कमाण्ड संरचना ध्वस्त भएको घोषणा गरेको केही महिनापछि यस क्षेत्रमा लडाईंको पुनरुत्थान भएको हो।

गत आइतबार इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले युद्धको 'तीव्र चरण' करिब नौ महिनापछि अन्त्य हुन लागेको बताउनुभएको थियो। गाजा द्वन्द्वका कारण लेबनानसँग जोडिएको इजरायलको उत्तरी सीमामा पनि तनाव बढेको छ। यसका कारण इरानले शनिबार इजरायलले लेबनानमाथि आक्रमण गरेमा 'नामेट पार्ने' युद्ध हुने चेतावनी दिएको छ।

अक्टोबर ७ मा हमासले



सेनासँग जारी लडाइँमा संलग्न रहेको बताएका छन् ।इजरायली सेनाले शुजैयामा 'जमिनमाथि र तल' भएको भिडन्तमा ठूलो सङ्ख्यामा लडाकूको मृत्यु भएको जनाएको छ।

'दर्जनौं आतङ्ककारी' मारिएको र हतियार, ड्रोन र अवलोकन चौकीका साथै लामो दूरीको रकेट लञ्चर र टनेल शाफ्ट फेला परेको सेनाले जनाएको छ ।शनिबार उत्तरी गाजामा भएको भिडन्तमा दुई सैनिकको मृत्यु हुनुका साथै दुई जना गम्भीर घाइते भएको दक्षिणी इजरायलमा गरेको आक्रमणमा परी एक हजार २०० भन्दा बढीको मृत्यु भएको एएफपीले इजरायली तथ्याङ्कलाई उद्धृत गरी उल्लेख गरेको छ ।लडाकूले गाजामा रहेका ११६ जना बन्धकहरूलाई पनि कब्जामा लिएका छन्, यद्यपि सेनाले ४२ जनाको मृत्यु भएको बताएको छ ।हमास शासित गाजाको स्वास्थ्य मन्त्रालयको तथ्याङ्कअनुसार इजरायलले गरेको जवाफी कारबाहीमा कम्तीमा ३७ हजार ८३४ जनाको मृत्यु भएको छ।

## टी-२० विश्वकपको उपाधि भारतलाई

# रोहित र कोहलीद्वारा अन्तर्राष्ट्रिय टी-२० खेलबाट सन्यासको घोषणा



एएफपी

नयाँदिल्ली। रोहित शर्माको भारतीय टोलीले दक्षिण अफ्रिकालाई हराउँदै टी-२० विश्वकपको उपाधि जितेको छ।

सन् २०१३ को च्याम्पियन्स ट्रफीपछि भारतले बार्बाडोसमा भएको फाइनलमा सात रनको रोमाञ्चक जित निकाल्दै शनिबार रातिको खेलमा उपाधि जितेको हो ।जीतपछि भारतको नीलो जर्सी लगाएका समर्थक खुशीको आँसु झार्दै फाइनल खेल भएको खेलमैदानमा नाचेका दृष्य मनमोहक देखिन्थे । भारतले पछिल्लो पटक सन् २०११ मा घरेलु मैदानमा महेन्द्र सिंह (एमएस) धोनीको कप्तानीमा विश्वकप जितेको थियो। धोनीले सन् २००७ मा पहिलो संस्करणमा टिमलाई टी-२० विश्वकपको ट्रफी दिलाउनुभएको थियो।

स्टार ब्याट्समयान विराट कोहलीले ५९ बलमा ७६ रन गर्दै भारतलाई ७ विकेटको क्षतिमा १७६ रनमा समेटेका थिए ।बेल्जियमबाट दिल्ली भ्रमणमा रहेका ३४ वर्षीय सफ्टवेयर व्यवसायी अभिषेक भगतले एएफपीसँग भन्नुभयो, "यो विश्वबाहिरको अनुभूति हो ।" "मैले सन् २००७ मा बाल्यकालमा यो अनुभव गरेको थिएँ। त्यसपछि सन् २०११ मा र अहिले फेरि सन् २०२४ मा पनि भारतले जितेको छ। यो लामो प्रतिक्षापछिको जीत हो।"

शनिबारको खेलमा आफ्नो म्यान अफ द म्याच उपाधि जितेका ३५ वर्षीय कोहलीले भाषणमा अन्तर्राष्ट्रिय टी-२० खेलबाट सन्यासको घोषणा गर्नुभएको छ। कप्तान रोहितले पनि कोहलीको घोषणालगत्तै भारतका लागि टी-२० म्याचबाट सन्यास लिने घोषणा गर्नुभएको छ।

पहिलो पटक विश्वकपको फाइनल खेलेको दक्षिण अफ्रिकालाई अन्तिम पाँच ओभरमा ३० रन चाहिएको अवस्थामा लक्ष्य भेट्टाउन तयार देखिए पनि भारतीय बलरले उपाधिका लागि खेललाई आफ्नो पकडमा राख्न सफल भएका थिए । गुयानामा भएको सेमिफाइनलमा भारतले डिफेन्डिङ च्याम्पियन इंल्याण्डलाई पराजित गरेको थियो।

रोहित सन् २००७ मा टी-२० विश्वकपको पहिलो संस्करणमा भारतका लागि खेल्नुभएको थियो भने कोहलीले सन् २०११ मा धोनीको कप्तानीमा एकदिवसीय विश्वकप उपाधि भारतले जितेको थियो। त्यसको दुई वर्षपछि धोनीको टिमले ५० ओभरको च्याम्पियन्स ट्रफीको फाइनलमा आयोजक इङ्ल्यान्डलाई हराएको थियो तर प्रशंसकले अर्को ठूलो उपाधिका लागि ११ वर्ष कुर्नुपरेको थियो ।भारत सन् २०१९ को एकदिवसीय विश्वकप र सन् २०२२ को टी-२० विश्वकपको सेमिफाइनलमा पराजित भएको थियो।

# पाकिस्तान र इरानबाट तेह्र हजारभन्दा बढी अफगानी आप्रवासी फिर्ता

एएनआई

इस्लामाबाद । इरान र पाकिस्तानबाट गत हप्ता १३ हजार ४४७ जना अफगानी आप्रवासीलाई स्वदेश फिर्ता पठाएको 'द खामा प्रेस'ले जनाएको छ ।तालिबान नेतृत्वको मन्त्रालयका अनुसार महिला र बालबालिकासहित कुल शरणार्थीमध्ये १० हजार २२५ लाई इरानबाट र तीन हजार २२२ लाई पाकिस्तानबाट फिर्ता गरिएको थियो।



अफगानी आप्रवासीहरू तोरघुन्डी, स्पिन बोल्डक, इस्लाम काला र मैत्री पुल जस्ता सीमाबाट अफगानिस्तान फर्केको मन्त्रालयले विस्तृत जानकारी दिएको छ। हालैका महिनामा पाकिस्तान र इरानबाट अफगान आप्रवासीहरूको फिर्ती तीव्र रूपमा बढेको छ । दुवै देशले उचित आवासीय कागजात नभएकाहरूलाई अफगानिस्तानमा फिर्ता पठाएको दाबी गरेको द खामा प्रेसले जनाएको छ।

केही निर्वासित आप्रवासीहरूले वैध निवास कागजातहरू भए पनि उनीहरूलाई प्रहरीले हिरासतमा लिएको र जबरजस्ती अफगानिस्तान फिर्ता गरेको आरोप लगाएका छन्। धेरै अफगान आप्रवासीहरूले आफ्नो शिविरमा इरानी प्रहरीले दुर्व्यवहार गरेको उदाहरणसहित दस्तावेज तयार पारेका छन् ।पाकिस्तानका रक्षामन्त्री ख्वाजा आसिफले यसअघि अफगानिस्तानसँगको सिमानामा अन्तर्राष्ट्रिय कानुन कडाइका साथ लागु गर्ने इच्छा व्यक्त गर्नुभएको थियो । यी घटनाक्रमबीच, अफगानिस्तानले हजारौँ आप्रवासीहरूको जबर जस्ती फिर्तीबाट बढेको गम्भीर मानवीय संकटको सामना गरिरहेको छ । यो अवस्थाले अफगानी शरणार्थीहरूको अधिकार र सुरक्षाको रक्षा गर्न जारी मानव अधिकारको उल्लङ्घन र चुनौतिहरूलाई प्रकाश पार्छ।

# 'दोहा वार्तामा अफगानिस्तानका आन्तरिक मुद्दामा छलफल नहुने'

एएनआई

काबुल । अफगान्स्तानको विषयमा हुन लागेको दोहा सम्मेलनमा संयुक्त राष्ट्रसङ्घ नेतृत्वको बैठकअघि तालिबानका प्रवक्ता जबिहुल्लाह मुजाहिदले अफगानिस्तानका आन्तरिक मुद्दाहरूमा छलफल नहुने र राष्ट्रका आन्तरिक मुद्दा कुनै पनि हिसाबले संयुक्त राष्ट्रसङ्घको विषय नभएको बताउनुभएको छ।



तेस्रो दोहा बैठक जुन ३० देखि जुलाई १ सम्म कतारमा हुनेछ ।मुजाहिदका अनुसार तालिबानले दोहा शिखर सम्मेलनमा अफगानिस्तानसँग अन्तरक्रिया गर्न देशहरूलाई आमन्त्रित गरेको छ।

"यो बैठकमा हाम्रो सहभागिता कुनै पनि पक्षको विरुद्धमा नभई सबै पक्षहरूसँग संलग्नता हो," तालिवान प्रतिनिधिले भन्नुभयो । "तेस्रो दोहा शिखर सम्मेलनमा अफगानिस्तानको आन्तरिक समस्याहरू सम्बोधन गरिने छैन किनभने यो राष्ट्रसङ्घको नभई देशको सान्दर्भिकताको विषय हो," उहाँले भन्नुभयो ।मुजाहिदले केही सर्तहरूमा तालिबानले यस सम्मेलनमा भाग लिइरहेको बताउनुभयो। तर यसबारे विस्तृत जानकारी भने दिनुभएन।

संयुक्त राष्ट्र सङ्घले अफगानिस्तानप्रति साझा अन्तर ष्ट्रिय दृष्टिकोण विकास गर्न मे २०२३ मा दोहामा तालिबानबिना पहिलो अफगानिस्तान सम्मेलन आयोजना गरेको थियो। यस वर्षको फेब्रुअरीमा कतारको दोहामा संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले दोस्रो अफगानिस्तान सम्मेलन आयोजना गर्नुभएको हो।

राजनीतिक तथा शान्ति निर्माण मामिलाका लागि उपमहासचिव रोजमेरी डिकार्लोले मे १८ देखि २१ सम्म अफगानिस्तानको भ्रमण गर्नुभएको थियो ।फेब्रुअरी २०२० मा संयुक्त राज्य अमेरिका र तालिबानले मे २०२१ सम्म अफगानिस्तानबाट अन्तर्राष्ट्रिय सेना फिर्ता गर्ने सम्झौतामा हस्ताक्षर गरेका थिए।

अप्रिल २०२१ मा नेटोका विदेश र रक्षामन्त्रीले केही महिनाभित्र अफगानिस्तानबाट सबै सहयोगी सेनाहरू फिर्ता लिने निर्णय गरेका थिए । अमेरिका र नेटो सेनाले देशबाट फिर्ता हुने घोषणा गरेपछि तालिबानले प्रमुख सहरहरूमा आक्रमण सुरु गरेको थियो । एक हप्ताभन्दा कम समयमा तालिबानले देशका ३४ वटा प्रान्तीय राजधानीमध्ये सातवटा कब्जा गरेको थियो।

# उत्तर कोरियाद्वारा अमेरिका, जापान र दक्षिण कोरियाको संयुक्त सैन्य अभ्यासको विरोध

एएफपी

सियोल । उत्तर कोरियाले आइतबार दक्षिण कोरिया, जापान र संयुक्त राज्य अमेरिकाको संयुक्त सैन्य अभ्यासलाई 'नेटोको एसियाली संस्करण' भएको निन्दा गर्दै यसको घातक परिणाम हुने चेतावनी दिएको छ। तीन राष्ट्रले ब्यालेस्टिक मिसाइल र हवाई रक्षा, पनडुब्बीविरोधी युद्ध र रक्षात्मक साइबर प्रशिक्षणमा 'फ्रिडम एज' भनिने तीन दिने सैन्य अभ्यास सम्पन्न गरेको एक दिन पछि उत्तर कोरियाको यस्तो अभिव्यक्ति आएको हो।



उत्तर कोरियाको आणविक खतरा र चीनको बढ्दो क्षेत्रीय प्रभावको सामना गर्ने एकताको सङ्केतका रूपमा वार्षिक अभ्यास गर्न गत वर्ष अमेरिकी, दक्षिण कोरियाली र जापानी नेता त्रिपक्षीय शिखर सम्मेलनमा सहमत भएका थिए। "हामी उत्तर कोरियाविरुद्धको सैन्य अभ्यासको कडा निन्दा गर्दछौं," प्योङ्याङको विदेश मन्त्रालयले आइतबार जनाएको छ। "अमेरिका-जापान-दक्षिण कोरिया सम्बन्धले नेटोको एसियाली संस्करणको रूप लिएको छ। यसको परिणाम घातक हुनेछ," प्योङ्याङले भनेको छ।

उत्तर कोरियाले सैन्य समूहलाई बलियो बनाउन अमेरिका र यसका सहयोगीहरूको चाललाई कहिल्यै बेवास्ता नगर्ने बताएको छ ।पछिल्लो संयुक्त अभ्यासमा वासिङ्टनको परमाणु-सञ्चालित विमान वाहक 'युएसएस थियोडोर रुजवेल्ट', टोकियोको निर्देशित मिसाइल विध्वंसक 'जेएस ओटागो र सियोलको 'केएफ-१६' लडाकू जेट समावेश थिए।

# पाकिस्तानको बलुचिस्तानमा वर्षाका कारण छ जनाको मृत्यु

सिन्ह्वा

इस्लामाबाद । पाकिस्तानको दक्षिणपश्चिम बलुचिस्तान प्रान्तमा विगत पाँच दिनदेखि परेको वर्षासँग सम्बन्धित घटनाहरूमा कम्तीमा छ जनाको मृत्यु हुनुका साथै अन्य २५ जना घाइते भएको बलुचिस्तानको प्रान्तीय विपद् व्यवस्थापन प्राधिकरण (पिडिएमए) का अधिकारीहरूले आइतबार बताएका छन् ।



हालैको भारी वर्षाले प्रदेशका विभिन्न जिल्लामा पहिरो खसेको, प्रमुख राजमार्ग अवरुद्ध गरेको र धेरै सवारीसाधन अलपत्र परेका छन् ।अलपत्र यात्रुको उद्धार र राहत कार्यका लागि विशेष टोली पठाइएको पिडिएमएले जनाएको छ।

पाकिस्तानको राष्ट्रिय प्रकोप व्यवस्थापन प्राधिकरणका अनुसार देशमा आगामी दिनमा थप वर्षा हुने सम्भावना रहेकाले नागरिकहरूलाई सावधानी अपनाउन सल्लाह दिइएको छ ।रासस

# पाँच वर्षपछि किसानले पाए अण्डाको लागत मूल्य



चितवन । यहाँका किसानले पाँच वर्षपछि अण्डाको लागत मूल्य पाएका छन् । पछिल्लो पाँच वर्षयता लागत मूल्य कायम नहुँदा किसानले घाटा बेहोर्नु परेको थियो ।

किसानको समस्या समाधानका लागि विज्ञ समूह बनाएर अण्डाको वास्तविक लागत मूल्य खोजी गरिएको थियो । उक्त समूहले अण्डाको लागत १६ रुपैयाँ ५६ पैसा अलागत मूल्य निकालेको थियो । गत हप्तादेखि किसानले प्रतिक्रेट (३० वटाको) ठूलो रु चार सय ९५ र मध्यम रु चार सय ७० पाउन थालेका छन् । नेपाल लेयर्स कुखुरा पालक सङ्घका अध्यक्ष विनोद पोखरेलले किसानले पाँच वर्षपछि लागत मूल्य पाएको बताउनुभयो । "विसं २०७६ मा किसानले लागत मूल्य हाराहारी पाएका थिए । त्यतिबेला अण्डाको मूल्य प्रतिक्रेट रु चार सय पाँच पुगेको थियो ।" त्यसपछिका दिनमा कोरोना महामारी, बर्डफ्लूलगायतका कारण किसानले लागत मूल्य पाउन नसकेको उहाँको भनाइ छ ।

विसं २०७९ असोजमा देशभरका लेयर्स कुखुरा पालक किसान भेला भएर सङ्घ गठन गरी बजारीकरण अभियान सुरु गरिएको थियो । त्यतिबेला अण्डाको मूल्य प्रतिक्रेट रु दुई सय ३० थियो । उक्त मूल्यमा अण्डा बिक्री गर्दा धेरै किसानले घाटा बेहोरेका थिए । उहाँका अनुसार ७५ प्रतिशत लेयर्स कुखुरा पालक किसानले पेसानै छाडेको अवस्था थियो । उहाँले भन्नुभयो "हामी सङ्गठित रुपमा नलागेको भए अहिले दैनिक करोडौंको अण्डा बाहिरबाट ल्याउनुपर्ने बाध्यता हुन्थ्यो ।"

नेपाल कुखुरा व्यवसायी मञ्चका निवर्तमान अध्यक्ष राजेन्द्र लामिछाने लामो समयपछि किसानले लागत मूल्य पाएको बताउनुभयो । पछिल्लो समय किसानले व्यावसायिक रुपमा ठूलो सङ्ख्यामा कुखुरा पालन गरेकाले माग धानिरहेको उहाँको भनाइ छ । हाल अहिले ५० लाख लेयर्स कुखुरा रहेको र दैनिक २५ लाखभन्दा बढी अण्डा उत्पादन भइरहेको उहाँले जानकारी दिनुभयो । कुनै समय ६० लाख कुखुरा पुगेका थिए । किसान नै पेसाबाट बिमुख भएकाले कुखुराको सङ्ख्या घटेको उहाले बताउनुभयो ।

चितवन उद्योग सङ्घका निवर्तमान अध्यक्ष त्रिलोचन कँडेल किसान सङ्गठित भइ प्रधानमन्त्री, मन्त्री, सचिवलगायतका सरोकारवालाको ध्यानाकर्षण गराएका कारण अण्डाको अवैध आयात घटेको बताउनुहुन्छ । साथै पछिल्लो समय ऋणको ब्याजदर घट्दा पनि किसानलाई राहत पुगेको हो उहाँले भन्नुभयो "हाम्रो दुई वर्षको अथक प्रयासपछि किसानमा आशा पलाएको छ । पेसा व्यवसाय छोड्छु भनेकाहरुले समेत ऋण गरेर पुनः व्यवसायमा फर्किने तयारीमा छन् ।"रासस

# पाहुना चरालाई वार्षिक ५० लाखको माछा खुवाउँदै रुपाताल

पोखरा । पर्यटकीय राजधानी पोखरा केबल मानव समुदाय घुम्ने पर्यटकीय गन्तव्य मात्रै होइन यो त स्वदेश एवं विदेशका चरा पनि घुम्ने र विचरण गर्ने स्थल हो ।

तालैतालको सहरको उपमा पाएको पोखरामा नौ ताल रामसार सूचीमा समेत सूचीकृत भइसकेका छन् । यिनै तालतलैयाका कारण पोखरा चरा पर्यटनका लागि पनि आकर्षक गन्तव्य बनेको छ । पोखराका तालतलैयामा बर्सेनि झण्डै तीन सय प्रजातिका विदेशी चरा चीन, साइबेरिया लगायतका देशबाट आउने गरेको पोखरा पन्छी समाजका अध्यक्ष मनशान्त घिमिरेले बताउनुभयो ।

प्रत्येक वर्षको हिउँद र वर्षात्का समयमा छुट्टाछुट्टै प्रजातिका चरा पोखराका तालतलैयामा देखिने गरेको उहाँले जानकारी दिनुभयो । "विशेषगरी हिउँदको समयमा सिकारी प्रजातिका चरा पोखराका तालतलैयामा देख्न सकिन्छ, वर्षात्को समयमा कोइली प्रजातिका चरा देख्न सकिन्छ", उहाँले भन्नुभयो, "साइवेरियालगायत टाढाटाढा विदेशी मुलुकबाट आएका चरा केही समय बिताएर फर्कने गरेका छन् ।"



पोखराका रामसार सूचीमा सूचीकृत तालमध्येको एक रुपाताल पनि हो । सुन्दा अचम्म लाग्न सक्छला तर, रुपातालले बर्सेनि झण्डै रु ५० लाख बराबरका माछा विदेशी चरालाई खुवाउँदै आएको छ । साविक लेखनाथ नगरपालिका-१०, ११ र १४ का केही भागले छोएको यस तालमा प्रत्येक वर्षको हिउँदमा आउने जलेवालगायत प्रजातिका चराले रु ५० लाखभन्दा बढीको माछा खाएर जाने गरेको रुपाताल पुनःस्थापना तथा मत्स्यपालन सहकारी संस्थाका अध्यक्ष शिवप्रसाद अधिकारीले बताउनुभयो ।"विशेषगरी पुस माघको समयमा करिब तीन महिना साइबेरियालगायत स्थानबाट रुपातालमा आउने करिब दुई सय ५० सङ्ख्याका जलेवाको आहारा माछा नै हो", उहाँले भन्नुभयो, "सामान्यतः एउटा जलेवाले दिनभरिमा आधा किलोसम्म माछा खाने गर्दछ ।"

रातको समयमा ताल आसपासको जङ्गलमा बस्ने जलेवा बिहान सूर्योदयदेखि सूर्यास्तसम्म तालमा नै रहने र माछा खाने गरेको उहाँले जानकारी दिनुभयो । विगतमा अतिक्रमणमा पर्दै गएकोताललाई संरक्षण गर्ने उद्देश्यका साथ २०५८ सालदेखि सहकारी स्थापना गरी माछापालन गर्दै आयआर्जनसमेत गरिँदै आइएको उहाँले जानकारी दिनुभयो ।

सहकारी सञ्चालनमा आएसँगै यसका माध्यमबाट तालको संरक्षण र उपयोगमा जोड दिइएको बताउँदै उहाँले हाल सहकारीमा एक हजार ३० जना आबद्ध भइसकेको बताउनुभयो । सहकारीअन्तर्गत माछा मार्न, चौकीदार, बैंकिङ कारोबार आदिका लागि २४ जनालाई रोजगारी दिन सकिएको सहकारीले जनाएको छ ।

सहकारीले वार्षिक करिब रु दुई करोड बराबरको माछा उत्पादन गर्न सफल बनेको जनाउँदै उहाँले तालमा रहु, नैनी, कमन, सिल्भर कार्प, तिलापियालगायत जातका माछा उत्पादन हुने गरेको बताउनुभयो । उहाँका अनुसार तालमा करिब २४/२५ स्थानीय जातका माछा रहेका छन् । रुपाताल पछिल्लो समयमा जलचर, वन्यजन्तु, पर्यावरण अध्ययन अनुसन्धान गर्ने खुला पाठशाला जस्तै बनेको जनाउँदै उहाँले वर्षेनी करिब २५ राष्ट्रबाट अध्ययन अनुसन्धानकर्ता आउने गरेको जानकारी दिनुभयो ।

रुपातालमा उत्पादित माछाको बजारका लागि कुनै समस्या नरहेको सहकारीका कर्मचारी रामजी अधिकारीले बताउनुभयो । रुपातालको माछाको माग बढिरहेको जनाउँदै अधिकारीले मागबमोजिम पुऱ्याउन धौधौ हुने गरेको अनुभव सुनाउनुभयो ।

तालको संरक्षण र विकासका लागि रुपाताल संरक्षण एकीकृत विकास परियोजनामार्फत पूर्वाधार विकासका काम भइरहेका छन् । परियोजना लक्षित काम सम्पन्न भएसँगै तालको संरक्षण, पर्यटकीय विकास हुँदै स्थानीयको जीवनस्तर बढ्ने विश्वास लिइएको छ ।चरणबद्ध अघि बढ्ने परियोजनाको लागत रु चार अर्ब ५२ करोड ८८ लाख रहेको परियोजनाका सूचना अधिकारी इञ्जिनियर कृष्णबहादुर विकले जानकारी दिनुभयो । उहाँका अनुसार परियोजनाअन्तर्गत जग्गा अधिग्रहणका लागि नौ सय ९५ रोपनी जग्गाको सूचना निकालिएकामा हालसम्म नौ सय ८७ रोपनी क्षेत्रको मुआब्जा वितरण गरिसकिएको छ ।

मुआब्जा वितरणका साथै तालबेंसीको पुल निर्माण भइसकेको छ भने सडक निर्माण पनि सम्पन्न भइसकेको छ । हाल बाँध निर्माणको काम अघि बढेको उहाँले जानकारी दिनुभयो । बाँध निर्माण भएपछि हाल रहेको पानी सतह छ सय २० मिटरबाट बढेर छ सय २४ मिटर हुने र तालको क्षेत्रफल हालको एक सय २२ हेक्टरबाट बढेर एक सय ८३ पुग्ने उहाँले जानकारी दिनुभयो ।लक्षित योजनाअनुसारको परियोजना सम्पन्न भएसँगै त्यसले तालको संरक्षण र यससँग जोडिएका जैविक विविधता, जलमा आश्रित जीवजन्तुको संरक्षण आदिमा महत्वपूर्ण योगदान पुग्ने विश्वास लिइएको छ ।

रुपातालको जलाधार क्षेत्र आसपासका जङ्गललाई समेटेर खुला चिडियाखाना सञ्चालनमा आउनुले पनि यस क्षेत्रको संरक्षण र विकासमा थप योगदान पुग्ने देखिएको छ । पचभैया प्राणी उद्यान केन्द्रका रुपमा सञ्चालित चिडियाखाना बृहत् पोखराको अवधारणाअनुसार यहाँको नयाँ पर्यटकीय आकर्षणका रुपमा साविक लेखनाथ नगरपालिकाका वडा नं ११, १२ र १४ मा रहेका पचभैया, चैनपुर र चापापानी चिसाकुना सामुदायिक वनलाई समेटेर बनाइएको हो । यहाँको एक सय ३४ हेक्टर क्षेत्रफललाई समेटेर पूर्वाधार विकासका कार्यक्रम अघि बढाइएको छ ।

चिडियाखाना परिसर एवं रुपाताल क्षेत्रमा चार सय ५० प्रजातिका जीवजन्तु तथा तीन सय ६१ प्रजातिका वनस्पति, एक सय ७५ प्रजातिका जडीबुटी पाइन्छन् । त्यस्तै रुपातालमा २४ प्रजातिका माछाका साथै विभिन्न ३६ प्रजातिका चराका साथै जङ्गल क्षेत्रमा बाघ, मृग, अजिङ्गरजस्ता जनावर पाइन्छन् ।यहाँ आउने पर्यटकले यहाँबाट रुपातालको मनोरम दृश्यसँगै चिडियाखानामा चितुवा, नीलगाई, चित्तल, रतुवा मृग, चरी बाघ, अजिङ्गर, सेतो गिद्ध, हिमाली गिद्ध, कछुवा आदिको अवलोकन गर्न पाउँछन् ।

रुपा तालमा मोती उत्पादनको पनि सम्भावना देखिएको छ । यसअघि लामो समयको प्रयाससँगै बेगनासस्थित मत्स्य अनुसन्धान केन्द्रले यहाँका तालमा मोती उत्पादनको सम्भावनालाई प्रमाणित गरेसँगै रुपातालमा पनि मोति उत्पादन गर्ने सोच अघि बढाइएको सहकारीका अध्यक्ष अधिकारीले बताउनुभयो । उक्त विषयलाई हाल परीक्षणका रुपमा अघि बढाइएको बताउँदै उहाँले परीक्षण सफल भएसँगै मोतिखेतीसमेत गरिने जानकारी दिनुभयो ।रासस

# क्षमता विस्तारका लागि अवसर इक्विटी डाइभर्सिफाइड फण्ड मार्फत लगानी सुरक्षित

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालमा विद्युतीय तार, केबल तथा कन्डक्टरको अग्रणी उत्पादक लिट्मस इन्डस्ट्रिज लिमिटेड र नेपालको पहिलो घरेलु निजी इक्विटी फन्ड अवसर इक्विटी डाइभर्सिफाइड फण्डबीच लगानीमा सहकार्य गर्ने रणनैतिक साझेदारी भएको छ । परासी जिल्लामा अत्याधुनिक उद्योग स्थापना गरेर आफ्नो क्षमता विस्तार गर्ने योजना रहेको लिट्मस इन्डस्ट्रिजका लागि यो लगानी एउटा महत्वपूर्ण कोसेढुङ्गा साबित हुनेछ ।

अवसर इक्विटीसँगको सहकार्यले लिट्मस इन्डस्ट्रिजको उत्पादनक्षमतामा वृद्धि गर्नुका साथै कम्पनीको सञ्चालनलाई सुव्यवस्थित बनाउँदै बजार उपस्थितिलाई थपमजबुतबनाउनेछ । यसका साथै उक्तलगानीले कम्पनीलाई, नवप्रवर्तन र उत्कृष्टताप्रतिको प्रतिबद्धता कायम राख्दै, ग्राहकको बढ्दो माग पूरा गर्न अझ सक्षम र




सुदृढ बनाउनेछ

लिट्मस इन्डस्ट्रिज लिमिटेडका प्रबन्ध निर्देशक रोहित गुप्ताले साझेदारीको बारेमाआफ्नो उत्साह प्रकट गर्दै भन्नुभयो, "हाम्रो दूरदृष्टि र क्षमतामाथिअवसर इक्विटीको विश्वास हाम्रो समूह र कम्पनीको कडा परिश्रम र समर्पणको नतिजा हो । यो साझेदारीले हामीलाई हाम्रो सञ्चालनविस्तार गर्न, द्रुत गतिमा अत्याधुनिकीकरण गर्न र अन्ततःहाम्रा ग्राहकहरूलाई अझ गुणस्तरीय वस्तु र सेवा प्रदानगर्न साथै हाम्रा सरोकारवालाहरूमा कम्पनीको कुशलता र उत्कृष्टताको छापलाई अझ परिष्कृत बनाउन सक्षम बनाउनेछ ।"

"हामीले लिट्मस इन्डस्ट्रिजमा गरेको यो लगानी, आफु संलग्न उद्योगको नेतृत्व गर्नसक्ने र यथास्थितलाई बदल्दै नवप्रवर्तन मार्फत बजारको मागलाई सम्बोधन गर्नसक्ने, उच्च सम्भावना बोकेका अग्रणी कम्पनीहरूलाई सहयोग गर्ने हाम्रो प्रतिबद्धताको एउटा ज्वलन्त उदाहरण हो । हामी लिट्मस इन्डस्ट्रिजसँग नजिकबाट सहकार्य गर्न र उहाँहरूको सफलतामा योगदान पुऱ्याउन पाउँदा अत्यन्त उत्साहित छौं, " अवसर इक्विटी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत र अवसर इक्विटी डाइभर्सिफाइड फण्डका लागिकोष प्रबन्धक ध्रुव तिमिल्सिनाले आफ्नो धारणा व्यक्त गर्नुभयो ।

लिट्मस इन्डस्ट्रिज लिमिटेड नेपालको अग्रणी तार, केबल तथा कन्डक्टर उत्पादक कम्पनी हो । नेपाली तार, केबल तथा कन्डक्टर उत्पादकहरूमध्ये लिट्मस इन्डस्ट्रिज पहिलो र एक मात्र पब्लिक कम्पनी हो । सन् २०१४ देखि रमेश कर्पोरेसनको छातामुनि रहेको लिट्मसले देशको विद्युतीकरण र औद्योगिक विकासमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ । नेपाल सरकारद्वारा जलविद्युत विकासकालागि राखेको दूरदृष्टि र कोरेका योजना र प्राथमिकताहरूसँग एकाकार हुँदै लिट्मस इन्डिस्ट्रिजले जलविद्युत प्रसारण र वितरणका लागिचाहिने अन्तर्राष्ट्रिय गुणस्तरका केबल तथा कन्डक्टर उत्पादन र आपूर्ति गर्दै जलविद्युत संरचनाविकास र विस्तारमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ ।

अवसर इक्विटी डाइभर्सिफाइड फण्ड, नेपालधितोपत्रबोर्ड (सेबोन) मादर्ता भएको रु ४.५६ अर्बको क्लोज एन्डेड सेक्टर एग्नोस्टिक निजी इक्विटी फन्ड हो । यो कोषले, नेपालको आर्थिक वृद्धि र विकासलाई अघि बढाउने नयाँ र प्रभावकारी परियोजनाहरूलाई समर्थन गर्दै, उच्च सम्भावना भएका कम्पनीहरूसँग साझेदारी गरी विभिन्न क्षेत्र र कम्पनीहरूमा लगानी गर्दछ ।

# ग्लोबल आइएमई बैंकका २३३ शाखाद्वारा वित्तीय साक्षरता कार्यक्रम आयोजना

**टुडे समाचारदाता**

काठमाण्डु । ग्लोबल आइएमई बैंक लिमिटेडले बैंकका २३३ वटा शाखा कार्यालयमार्फत एकसाथ वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेको छ । बैंकको संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत वित्तीय पहुँचबाट बाहिर रहेका विभिन्न लक्षित वर्गहरु पहिचान गरी वित्तीय साक्षरता कार्यक्रम आयोजना गरिएको हो ।




बैंकले सातवटै प्रदेशअन्तर्गत आयोजना गरेका कार्यक्रमहरुमा ३५ हजार भन्दा बढी कृषक, लघु, साना तथा मझौला उद्यमीहरु, मजदुर, वैदेशिक रोजगारमा जाने सम्भावित व्यक्तिहरु, विद्यार्थी, महिला, विप्रेषण प्रापक तथा स्थानीय युवा-युवतीहरुको सहभागिता रहेको थियो ।

बैंकको कोशी प्रदेशमा आयोजना गरेको कार्यक्रममा ३,५००, मधेशमा २,२००, बागमतीमा १५,०००, गण्डकीमा ५,५००, लुम्बिनीमा ६,०००, कर्णालीमा ५०० र सुदूरपश्चिममा २,५०० भन्दा बढि लक्षित वर्गको सहभागिता रहेको थियो ।

ग्लोबल आइएमई बैंकले चालु आर्थिक वर्ष २०८०/८१ मा मुलुकका ७७ जिल्लामा रहेका आफ्ना शाखाहरुमार्फत वित्तीय साक्षरता तथा डिजिटल बैंकिङ्ग प्रवर्द्धन कार्यक्रमहरु सञ्चालन गरिरहेको छ ।

कार्यक्रममा बचत, कर्जा, रेमिट्यान्स, डिजिटल बैंकिङ्ग, बीमा, लगानी, अतिरिक्त बैंकिङ्ग सेवाहरु, वित्तीय ठगी र वित्तीय अनुशासनसम्बन्धी विषयवस्तुमा जानकारी गराइएको छ ।

ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५४ शाखा कार्यालय, ३८४ एटिएम, २७७ शाखा रहित बैंकिङ्ग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्रबाट आफ्ना ४६ लाख भन्दा बढी ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गरी लावान्भित गरिरहेको छ ।

ग्लोबल आइएमई बैंकलाई सबैंका लागि बैंक बनाउँदै बैंकले विभिन्न सेवा तथा सुविधा सहितका योजना मार्फत आफ्ना ४६ लाख भन्दा बढी ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गरी लावान्भित गरिरहेको छ ।

त्यसैगरी बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरेबिया, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुऱ्याउँदै आइरहेको छ ।

# नेप्से परिसूचक १४ दशमलव ८३ प्रतिशतले घट्यो

काठमाण्डु । साताको कारोबारको पहिलो दिन आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक दोहोरो अङ्कले घटेको छ । आइतबार नेप्से परिसूचक १४ दशमलव ८३ अङ्कले घटेर दुई हजार ३७ दशमलव ०९ को विन्दुमा कायम भएको छ ।

आइतबार विभिन्न तीन सय २० कम्पनीको ९१ लाख ७८ हजार आठ सय ९५ कित्ता शेयर ५० हजार नौ सय ५२ पटक खरिदबिक्री हुँदा रु तीन अर्ब ६० करोड ७१ लाख ९८ हजार चार सय सात बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

आइतबारको कारोबारमा वित्त समूह शून्य दशमलव ३४ र उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ०३ प्रतिशतले बढेको छभने अरू सबै समूहको उपसूचक घटेको छ । बैङ्किङ शून्य दशमलव ७०, विकास बैङ्क शून्य दशमलव ८०, होटल तथा पर्यटन शून्य दशमलव ४०, जलविद्युत् एक दशमलव ०६ र लगानी समूह शून्य दशमलव ६६ प्रतिशतले घटेको छ ।

त्यसैगरी, जीवन बीमा समूह शून्य दशमलव ४५, लघुवित्त एक दशमलव ३७, म्युचुअल फन्ड शून्य दशमलव १५, निर्जीवन बीमा शून्य दशमलव २८, व्यापार शून्य दशमलव ३१ र अन्य समूह शून्य दशमलव ९५ प्रतिशतले घटेको छ ।आइतबार सबैभन्दा धेरै मुक्तिनाथ कृषि कम्पनी लिमिटेडको शेयर मूल्य सात दशमलव ०६ र मैलुङ खोला जलविद्युत् कम्पनी लिमिटेडको शेयर मूल्य पाँच दशमलव ७६ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य नौ दशमलव ३० प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै नेपाल फाइनान्स लिमिटेडको रु १२ करोड ८८ लाख ७४ हजार एक सय ५४ बराबरको कारोबार भएको छ । त्यस्तै, कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा धेरै सानिमा इक्विटी फन्डको दुई लाख २९ हजार दुई सय १० कित्ता शेयर किनबेच भएको छ ।रासस

# घर बीमा कार्यक्रम कार्यान्वयनमा

नेपालगन्ज । नेपालगन्ज उपमहानगरपालिकाले आवासीय घर बीमा कार्यक्रमलाई कार्यान्वयनमा ल्याएको छ । विपद् जोखिमसम्बन्धी कार्यविधि २०८० बनाएको उपमहानगरपालिकाले विपद्पछिको पीडा कम गर्न आवासीय घर बीमाले काम गर्ने जनाएको छ । नगर प्रमुख प्रशान्त विष्टले विपद्को शक्तिशाली औजार बीमा भएको उल्लेख गर्दै केही सातामा नै बीमाको काम सक्ने गरी काम भइरहेको बताउनुभयो ।

उपमहानगरपालिकाका विपद् व्यवस्थापन समितिका संयोजक समीरप्रताप सिंहले विपद् दुर्घटना बीमा र जोखिमग्रस्त क्षेत्र आवास बीमा कार्यक्रमलाई अगाडि बढाएको जानकारी दिनुभयो । संयोजक सिंहका अनुसार विपद् दुर्घटना बीमामा नगरभित्रका सबै घरको बीमा गरिने छ । जोखिमग्रस्त क्षेत्र आवास बीमामा



उपमहानगरपालिकाले जोखिम क्षेत्र पहिचान गरी त्यहाँ रहेका निजी घरको समेत बीमा गर्ने जनाइएको छ । उहाँले त्यसका लागि झन्डै तीन सय घरधुरी सर्भेक्षण गरिसकिएको उल्लेख गर्नुभयो । उपमहानगरपालिकाले रु १५ लाखसम्मको बीमा गरिदिने र रु १५ लाखसम्मको घरको बीमा गर्दा उपमहानगरपालिकाले प्रिमियम तिरिदिने तथा रु १५ लाखभन्दा माथिको हकमा व्यक्ति स्वयंले प्रिमियम तिर्नुपर्ने व्यवस्था गरिएको सिंहको भनाइ छ । रु १५ लाखको बीमा गर्दा रु पाँच सय ८४ प्रिमियम पर्दछ । त्यसका लागि

राष्ट्रिय बीमा कम्पनीसँग सहकार्य गरिएको छ । राष्ट्रिय बीमा कम्पनी नेपालगन्जका प्रबन्धक नवीन शर्मा पौडेलले बीमा भएका घरमा मृत्यु, घाइते वा घरमा क्षति भएको हकमा अलग अलग बीमा हुने जानकारी दिनुभयो ।

नेपालगन्जका वडा नं ३ र ७ मा सहरी विपद् तथा भूकम्पीय पूर्वतयारी परियोजना (सुपर) सञ्चालनमा छ । सुपरले भूकम्पीय जोखिम न्यूनीकरणका लागि काम गरिरहेको छ । त्यसैको पहलमा सो काम भइरहेको हो । सुपरका सूचना व्यवस्थापन अधिकृत रुपन ज्ञवालीले पालिकाको वडा नं ३ र ७ मा भवनको घनत्व बढी रहेको जानकारी दिँदै बाटो साँघुरो र पुरानो बस्ती भएकाले घर जीर्ण भएकाले त्यहीँबाट काम अगाडि बढाइएको बताउनुभयो ।रासस

## ब्राउनसुगरसहित एक जना पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको जटहीबाट काठमाण्डु जाँदै गरेको रात्रि बसबाट प्रहरीले लागूपदार्थ बरामद गरेको छ ।

धनुषाको दक्षिणी सीमावर्ती क्षेत्र अवस्थित जटही नाकाबाट भित्र्याइ जटहीहुँदै काठमाण्डुसम्म चल्ने रात्रि बसबाट लागूपदार्थ ब्राउन सुगर बरामद गरेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

सो बसलाई जनकपुरधामस्थित मुजेलियामा चेकजाँच गर्नेक्रममा बागमती प्रदशे ०३-००१ ह २५१४ नम्बरको रात्रि बसमा ४४ ग्राम ब्राउन सुगर जस्तो देखिने लागू पदार्थ खोज तलास गर्दा बरामद गरिएको धनुषा प्रहरीले जनाएको छ ।

सो लागू पदार्थ ब्राउन सुगर जनकपुरधाम उपमहानगरपालिका- २० स्थित देवपुरा रुपैठाका २५ वर्षीय अमित कुमार झाको साथबाट बरामद भएको धनुषा प्रहरीले जनाएको छ ।

यता पक्राउ परेका झालाई हिरातमा राखी अनुसन्धान भइरहेको धनुषा प्रहरीले जनाएको छ ।

## धानको बेर्नाका लागि गण्डकमा ३५० क्युसेक पानीको माग



**टुडे समाचारदाता**

वीरगञ्ज । रोपाइँका लागि पर्सा, बारा, रौतहट जिल्लाका किसानको धानको बेर्ना अझै तयार भएको छैन । धानको बेर्ना तयार नभएको भन्दै नारायणी सिँचाई व्यवस्थापन कार्यालय वीरगञ्जले हाललाई गण्डक नहरमा भारतीय पक्षसँग ३ सय ५० क्युसेक मात्र पानी माग गरेको छ ।

कार्यालयका सूचना अधिकृत एवम् इन्जिनियर सुरेश साहले नहरमा आश्रित तीन वटै जिल्लाका किसानको धानको बेर्ना रोपाइँका लागि अझै तयार नभई सकेको र हाल किसानबाट पानीको माग समेत नआएकाले तत्काललाई नहरमा ३ सय ५० क्युसेक मात्र पानी दिन भारतीय पक्षलाई आग्रह गरेको बताए ।

उनले भने, 'रोपाइँ अघि किसनको खेत डुबानमा पार्नु भन्दा हामीले हाललाई पानीको कम माग भएकाले नहरमा थोरैनै पानी दिन भनेका हौं ।' उनले अघि थप्दैं भने, 'भारतीय पक्षले पनि हाल ३ सय ५० क्युसेक मात्र पानी दिएको छ, किसानबाट माग आउन थालेपछि फेरि पानीको परिमाण बढाउन भारतीय पक्षसंग आग्रह गर्ने छौं ।'

नहरमा भारतीय पक्षले बिहीबार साँझतर्फ २ सय ५० सय क्युसेक पानी छोडिसकेको थियो । शुक्रबार भने नहरमा भारतीय पक्षले ३ सय ५० क्युसेक पानी दिन थालेको छ । यसअघि राष्ट्रिय धान दिवशकै दिन किसानको रोपाइँ गर्ने निर्धारित कार्यक्रमलाई लक्षित गरी पानी दिन कार्यालयले भारतीय पक्षलाइ पत्राचार गरेको थियो ।

नहरमा हाल उपलब्ध पानी नहरको ब्लक नम्बर ११ अर्थात् बाराको महागढीमाई नगरपालिका भन्दा पूर्व जमुनी खोला पारी पिपरपाती क्षेत्र सम्म सम्म पुगेको इन्जिनियर साहले बताए ।

वर्षेनी धान बालीका लागि असार १५ र गहु बालीका लागि पुस १० देखि नहरमा ८ सय ५० क्युसेक पानी भारतीय पक्षले दिनु पर्छ । नवलपरासीको भैंसालोटनस्थित नेपाल भारत सीमामा निर्मित व्यारेजबाट भारतीय पक्षले नहरमा पानी छोड्ने गरेको छ । भारतमै ९२ किमी यात्रा गरेर यो नहर पर्साको जगरनाथपुर गाउपालिकाको जानकीटोलाबाट नेपालमा प्रवेश गर्छ । पर्सा,बारा र रौतहटमा गरी १५ ब्लकमा बिभाजित गण्डक नहरको लम्बाई नेपाल तर्फ ८१ किमी रहेको छ ।

गण्डक व्यारेजको निर्माण भारतले आफै गरेको र संचालन पनि भारतीय पक्ष आफैले गर्दै आएको छ । उसले व्यारेजबाट नेपाल भन्दा भारतीय भूमिमा बढी पानी लग्ने गरी नहरको संरचना निर्माण गरेको छ ।

सन् १९७५/७६ मा दुई चरणमा भारत सरकारले नेपाल सरकारलाई गण्डक नहर हस्तान्तरण गरेको थियो । गण्डक नहरबाट पर्सा, बारा र रौतहट गरी तीन वटा जिल्लामा गरी ३७ हजार ४ सय हेक्टर जग्गा सिंचित गर्ने लक्ष्य भए पनि रौतहटको मध्य भागसम्म पानी भने प्रायः पुग्दैन ।

नहरको नियमित सरसफाई र मर्मत सम्भार नहुँदा रौतहट सम्म नहरमा पर्याप्त पानी पुग्न सकिरहेको छैन ।

## असई हत्या प्रकरणमा पूर्व सांसद यादव पक्राउ



**टुडे समाचारदाता**

जलेश्वर । मधेश आन्दोलनका क्रममा मारिएका सशस्त्र प्रहरीका असई थमन विकको हत्या प्रकरणमा पूर्व प्रदेश सांसद कौशल यादव पक्राउ परेका छन् ।

महोत्तरीको पोखरभिन्डामा यादवले चलाइरहेको सवारी दुर्घटनामा परेको थियो । सो दुर्घटनाका क्रममा पूर्व सांसद यादव गाडीसहित भाग्न खोज्दा प्रहरीले नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

पक्राउ परेका यादवलाई प्रक्रिया पूरा गर्न महोत्तरी जिल्ला अदालतमा लगिएकोमा प्रक्रिया पूरा नभएकोले जिल्ला प्रहरी कार्यालयको थुनुवा कक्षमा राखिएको महोत्तरी प्रहरीका प्रहरी नायव उपरीक्षक सन्तुलाल जयसवालले जानकारी दिए । पूर्व सांसद यादवको मुद्दा जिल्ला अदालतले मुल्तवीमा राखी उनको सम्पत्तिसमेत रोक्का गरेको छ ।

सोही मुद्दामा नेकपा एमालेका प्रतिनिधि सभा सदस्य लक्ष्मी महतो कोइरीलाई महोत्तरी जिल्ला अदालतबाट सफाइ पाइसकेका छन् ।

०७२ भदौं २५ गते सशस्त्र प्रहरी बल जिल्ला कमाण्ड पोस्ट सुरक्षा बेस क्याम्प जलेश्वर महोत्तरीमा कार्यरत्त सशस्त्र प्रहरी सहायक निरीक्षक थमन विकलाई तत्कालीन मधेशी मोर्चाका स्थानीय कार्यकर्ताले नियन्त्रणमा लिइ एम्बुलेन्सभित्र कुटपिट गरी हत्या गरेको आरोप छ ।

जिल्ला अदालतले मधेश आन्दोलनमा मारिएका सशस्त्र प्रहरीका असई विकको हत्या मुद्दामा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका नेता अभिराम शर्मासहित ७ जनालाई जन्म कैदको फैसला सुनाएपछि उनी हालसम्म पनि फरार रहेका छन् ।

सो मुद्दामा जिल्ला अदालतले प्रदीप साह, संजय कुमार साह, मोहन ठाकुर, रामाशंकर मिश्र, लोसपाका नेता अभिराम शर्मा, सुरेन्द्र पाण्डे र धर्मेन्द्र रायलाई ज्यान सम्बन्धी महलको १ र १३(३) नं. बमोजिम कसुर गरेकोले सोही १३(३)बमोजिम जनही जन्म कैद सजायको फैसला गरेको छ ।

जन्मकैद सजाय पाएका ७ जनामध्ये प्रदीप र संजय ८ वर्षदेखि कारागारमा रहेका छन् भने जिल्ला अदालतले सजाय तोकेका अन्य अभियुक्त भने फरार रहेका छन् ।

## सहमतिपछि दुग्ध किसानको आन्दोलन स्थगित



**टुडे समाचारदाता**

जनकपुरधाम । सरकारसंग भुक्तानी दिने सहमति भएपछि दुग्ध किसानहरुले आन्दोलन स्थगित गरेका छन् ।

उनीहरुको माग सरकारले सम्बोधन गर्ने भएपछि केन्द्रीय दुग्ध सहकारी संघ लिमिटेडले घोषणा गरेका आन्दोलनका कार्यक्रमहरुसमेत स्थगित गरेको जनाएको छ ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय र संघबीच आइतबार १० बुँदे सहमति भएपछि आन्दोलनका कार्यक्रम स्थगन गरिएको छ ।

दुई पक्ष बीच भएको सहमति अनुसार प्रत्येक दुग्ध उद्योगले दूध उत्पादक किसानसंग दूध खरिद गरेबापत हरेक महिनाको रकम दुई किस्तामा भुक्तानी गरिने छ । सो अनुसार महिनाको पहिलो १५ दिनको भुक्तानी सोही महिनाको २५ गतेभित्र र बाँकी १५ दिनको भुक्तानी अर्को महिनाको १० गतेभित्र हुने भएको छ । सो सहमति यही महिना असारबाट नै लागु हुनेछ ।

त्यस्तै चैत २०८० सम्मको भुक्तानी हुन बाँकी रकममध्ये दुग्ध उद्योगले यही २७ असार सम्म उपलब्ध गराउने तथा वैशाख र जेठ २०८१ को बक्यौता अगामी भदौंभित्र चुक्ता गर्नुपर्ने सहमति भएको छ ।

त्यस्तै दूध तथा दुग्ध पदार्थ निर्यात गर्ने विकल्प सहजीकरण गनै निजी, सहकारी तथा सरकारी डेरी उद्योगलाई निर्यात प्रवर्द्धनका लागि सहुलियत प्रदान गर्न मन्त्रालयले पहल गर्ने भएको छ ।

किसान र दुग्ध उद्योगले बैंकबाट लिने ऋणमा लाग्ने ब्याजमा सहुलियत दिन मन्त्रालयले सहजीकरण गर्ने र दुग्ध उद्योगलाई कर्जा सहुलियतका लागि प्रदेश सरकारलाई अनुरोध गर्ने, निर्यात प्रवर्द्धन गर्न राष्ट्रिय दुग्ध विकास बोर्डका कार्यकारी निर्देशकको नेतृत्वमा कार्यदल बनाउनेलगायतको सहमति भएको राष्ट्रिय दुग्ध विकास बोर्डका कार्यकारी निर्देशक राजेन्द्रप्रसाद यादवले जानकारी दिए ।

## महिलाको शव फेला

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीमा एक महिलाको शव फेला परेको छ ।

जिल्लाको हरिपुर नगरपालिका-४ स्थित हरैयामा ठगा रायकी ४५ वर्षीया श्रीमती कृष्णादेवी रायको हत्या भएको सर्लाही प्रहरीले जनाएको छ । कृष्णादेवीको शव शनिबार राति घरदेखि करिब पाँच सय मिटरको दुरीमा रहेको मकैबारीमा फेला परेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

महिलाको शव फेला परेकोबारे शनिबार राति प्रहरीमा खबर प्राप्त भएपछि इलाका प्रहरी कार्यालय हरिपुरबाट प्रहरी निरीक्षक र जिल्ला प्रहरी कार्यालयबाट प्रहरी उपरीक्षकको नेतृत्वमा प्रहरी टोली घटनास्थलमा पुगेको थियो । सर्लाही प्रहरीका प्रहरी उपरीक्षक रवीन्द्रबहादुर सिंहले मृतक महिलाको शरीरमा चोटपटक देखिएकाले घटना शंकास्पद रहेको बताए ।

परिवारजनले दिएको जानकारी अनुसार कृष्णादेवी घाँस काट्न भनी शनिबार अपराह्न ४ बजेपछि घरबाट खेततर्फ गएकी थिइन् ।

साँझ अबेरसम्म पनि घर फर्किएर नआएपछि श्रीमानसहित आफन्तजनले खोज्न मकै खेतमा जाँदा उनको शव फेला परेको छ । सो घटनास्थलको प्रकृति मुचुल्का गरी मृतक महिलाको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल मलंगवामा राखिएको छ ।

## गाँजा तस्करीको 'ट्रान्जिट प्वाइन्ट' सिम्रौनगढ



**टुडे समाचारदाता**

बारा । बाराको सिम्रौनगढ खुला सीमानाका क्षेत्र गाँजा तस्करीका लागि 'ट्रान्जिट प्वाइन्ट' बनेको छ ।

प्रहरीले पटक-पटक यस नगर क्षेत्रको सीमानाका आसपासबाट ठूलो परिमाणमा गाँजा बरामद गर्दै आएकोले सो क्षेत्र गाँजा तस्करीका लागि 'ट्रान्जिट प्वाइन्ट' बनेको छ ।

बाराको ६२ किलोमिटर खुला सीमानाकामध्ये सबैभन्दा बढी लागूऔषध गाँजा सिम्रौनगढ क्षेत्रबाट बरामद हुने गरेको छ । कलैयाबाट २२ किलोमिटर पूर्वमा रौतहटको पसमानासित जोडिएको सिम्रौनगढ दशगजासंग जोडिएको छ ।

शुक्रबार राति मात्र प्रहरीले २०१ केजी लागूऔषध गाँजासहित २ जनालाई पक्राउ गरेको छ । बागमती प्रदेश ०१-०२ ९ च ६७५२ नम्बरको गाडीसहित चालक धादिङ जिल्लाको नीलकण्ठ नगरपालिका ८ का २२ वर्षीय सुजन अधिकारी र सहचालक ज्वालामुखी गाउँपालिका-१ का २३ वर्षीय रमेश नेपाली पक्राउ परेको सिम्रौनगढ इलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक नवीन राईले जानकारी दिए ।

त्यस्तै सिम्रौनगढ नगरपालिका-५ ठूलो इटवाल गाउँका मनोजकुमार साहको घरमा सामान छोडेर फर्किंदै गरेको अवस्थामा सूचना पाएलगतै छापा मार्दा गाँजा बरामद भएको उनले बताए । मनोज नक्कली नोट र लागूऔषध गाँजासम्बन्धी मुद्दामा लामो समयदेखि फरार रहेको उनले बताए ।

## मधेशमा दूध उत्पादनमा कमी



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेशमा सुक्खा मौसमले दूध उत्पादनमा कमी आएको छ ।

दूध उत्पादनमा कमी आउँदा दूध संकलन प्रभावित भएको हेटौंडा दुग्ध वितरण आयोजनाले जनाएको छ ।

सो आयोजनाले केही महिना अघिसम्म तराई-मधेश क्षेत्रबाट दैनिक २२ देखि २३ हजार लिटरसम्म दूध संकलन गर्दै आएको थियो । सोही अवधिमा विराटनगरमा धुलो दूध उत्पादनका लागि दैनिक १२ हजार लिटर दूध पठाउँदै आएको थियो ।

हाल दैनिक छ हजार लिटर दूध संकलन गर्ने गरेको जनाएको छ । संकलित दूध वीरगञ्ज, हेटौंडा र भरतपुरका उपभोक्ताले दैनिक चार हजार लिटर खपत गर्ने गरेको आयोजनाले जनाएको छ ।

मधेश प्रदेशको सर्लाही, बारा, रौतहट, पर्सा र बागमतीको मकवानपुरसमेत गरी करिब दुई सय दूध उत्पादक सहकारी संस्थाबाट आयोजनाले दैनिक दूध खरिद गर्दै आएको छ ।

मधेशका चार जिल्ला र बागमतीको मकवानपुर गरी करिब १२ हजार कृषकबाट दैनिक छ हजार लिटर दुध खरिद गरी मासिक एक करोड ५० लाख रुपैयाँ रकम भुक्तानी दिने गरेको हेटौंडा दुग्ध वितरण आयोजनाका प्रमुख राजिव खनालले बताए ।

दैनिक एक हजार लिटर दही, एक हजार किलो घ्यू, एक हजार पाँच सय किलो मखन उत्पादन गर्ने गरेको उनले बताए । लालमोहन, पेडा र रसभरी छ सय किलो उत्पादन गर्दै आएको छ । उनले उत्पादित दही, घ्यू, मखन र मिठाइहरु हेटौंडा, वीरगञ्ज र भरतपुरका उपभोक्तालाई बिक्रीवितरण गर्ने गरेको बताए ।

हेटौंडा दुग्ध वितरण आयोजनाले बागमती प्रदेशको दूध विकास बोर्ड हेटौंडालाई धुलो दूध उत्पादन गर्न दुई देखि तीन दिनको अन्तरमा दुई हजार लिटर दूध पठाउने गरेको छ । बोर्डलाई दूध नपठाइएको दिनमा दुई हजार लिटर दूध आयोजनाले दही, मखन, घ्यू उत्पादनका लागी खपत गर्दै आएको आयोजना प्रमुख खनालले बताए ।

मधेशमा वर्षात भएसँगै केही दिन पछिबाट दूध उत्पादन वृद्धि हुने उनले बताए ।

## तिरहुतका पदाधिकारी र कर्मचारीको नाममा पेश्की

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको तिर हुत गाउँपालिकाका पदाधिकारी, जनप्रतिनिधि तथा कर्मचारीले लाखौं रुपैयाँको पेश्की लिएर फछ्यौंट नगरेको पाइएको छ ।

गाउँपालिका अध्यक्ष विजय कुमार यादव, कार्यपालिका सदस्यहरु र विभिन्न शाखाका कर्मचारीहरुलेसमेत पेश्की लिएर फछ्र्यौट गरेका छैननू ।

महालेखा परीक्षकको प्रतिबेदन २०७९/०८० का अनुसार पदाधिकारी, जनप्रतिनिधिहरु तथा विभिन्न शाखाका कर्मचारीबाट ७५ लाख ९६ हजार ५ सय ८२ रुपैयाँ पेश्की असुली गर्न बाँकी रहेको छ ।

पेश्की लिनेमा गाउँपालिकाका अध्यक्ष विजय कुमार यादव, कर्मचारी बेचन यादवले विभिन्न शीर्षकमा पटक पटक गरी ८ लाख ७० हजार रुपैयाँ, वडा सचिव वीरेन्द्र कुमार यादवले दुई पटक गरी १० लाख, कार्यालय सहयोगी श्रीचन्द सदाले दुइपटक गरी १० लाख रुपैयाँ, कार्यालय सहयोगी राजेन्द्र प्रसाद यादवले दुइपटक गरी १० लाख रुपैयाँ, सामाजिक परिचालक रमानन्द यादवले ५ लाख रुपैयाँ, कास जयसुन्दर यादवले १ लाख ९८ हजार ९ सय रुपैयाँ, वडा सचिव मनोज कुमार यादवले ३ लाख रुपैयाँ पेश्की लिएका छन् ।

त्यस्तै जनस्वास्थ्य निरीक्षक रमेश कुमार यादवले ५ लाख रुपैयाँ, सुभाष कुमार यादवले ४ लाख रुपैयाँ, उपाध्यक्षको सचिवालयका विशेश्वर यादवले ५ लाख रुपैयाँ, नरेश कुमार यादवले ५ लाख रुपैयाँ, कार्यपालिका सदस्य सितादेवी खत्वेले ४ लाख रुपैयाँ, कार्यपालिका सदस्य जीत नारायण रामले ४ लाख ६० हजार रुपैयाँ, नेपाल विधुत प्राधिकरणले ९७ हजार ६ सय ८२ रुपैयाँ, दलित महिला बैठभत्ता पेश्की शिर्षकमा ६० हजार रुपैयाँ पेश्की लिएको महालेखा परिक्षक प्रतिवेदनमा उल्लेख छ ।

महालेखाले प्रारम्भिक प्रतिवेदन अनुसार अध्यक्ष विजय कुमार यादवले पेश्की दाखिला भएको प्रमाण पेश भएको आधारमा ३ लाख रुपैयाँ सम्परीक्षण गरिएको जनाइएको छ भने अन्य पदाधिकारी र कर्मचारीहरुबाट पेश्की असुल गर्न भनिएको छ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की दिएको रकम तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु दिने लिने दुबैको कर्तव्य हुने व्यवस्था रहेको छ ।

महालेखा प्रतिबेदनमा पालिकाले पदाधिकारी, कर्मचारी तथा संस्थालाई दिएको पेश्की म्याद बमोजिम फछ्र्यौट नगरेकोले उनीहरुबाट असुल उपर गर्न सुझाव पनि उल्लेख गरिएको छ ।

## बत्ती नहुँदा सास्ती भोग्दै स्थानीयवासी



**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको हरिवन नगरपालिका वडा नं. १ बिलन्दी र बेलडाँडाका स्थानीय तीन दिनदेखि अन्धकारमा बस्न बाध्य भएका छन् ।

गत बिहीबार राति भएको भीषण वर्षापछि हरिवन १ र ८ को सिमाना फेदीमा बिजुलीको पोल ढलेर तार लत्रिएका कारण चुरेपाखामा पर्ने बिलन्दी र बेलडाँडावासी अन्धकारमा बस्नु परेको छ । बेलडाँडाका अशमान थिङले तीन दिनदेखि बिजुली बत्ती नहुँदा अँध्यारोमा बस्नुपरेको गुनासो गरे ।

उनले बिजुली बत्ती नहुँदा स्थानीयलाई मोबाइल चार्ज गर्नसमेत समस्या परेको बताए । नेपाल विद्युत् प्राधिकरणको लालबन्दी वितरण केन्द्रले बारम्बार पानी परिरहँदा बिग्रिएको लाइन सुचारु गर्न समस्या उत्पन्न भएको जनाएको छ ।

वितरण केन्द्र प्रमुख त्रिभुवन यादवले विद्युत सुचारु गर्न ढलेको पोल मर्मत सम्भारका लागि ठेकेदारमार्फत काम भइरहेको बताए ।

लालबन्दी वितरण केन्द्र अन्तर्गत नै पर्ने लालबन्दी वडा नं. १३ पत्थरकोट र वडा नं. १४ नारायण खोला क्षेत्रमा पनि बत्ती अवरुद्ध भएको छ ।

त्यस्तै शनिबार राति हावाहुरी र चट्याङसहित पानी परेपछि जिल्लाको मलंगवा वितरण केन्द्र अन्तर्गतको गडहिया डुमरिया क्षेत्रमा पनि विद्युत् अवरुद्ध भएको छ ।

## पेट्रोलियम पदार्थको मूल्यवृद्धि




**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेको छ ।

पेट्रोलमा प्रतिलिटर २ रुपैयाँ र डिजल तथा मट्टितेलको मूल्य प्रतिलिटर ५ रुपैयाँले वृद्धि गरेको निगमले जानकारी दिएको छ ।

हवाइ इन्धन र एलपी ग्यासको भाउ भने यथावत नै रहेको छ । बढेको मूल्य सोमबारदेखि लागु हुनेछ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८